"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक"

हाम्रो लक्ष्य : सम्पूर्ण सहकारीको दिगो भविष्य

# १९औं वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९




## National Co-operative Bank Limited (NCBL)
## राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर, नेपाल

scan for download

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपक प्रकाश बास्कोटा


श्री कमल प्रसाद चौलागाई


मा. राधा घले


श्री मिनराज कँडेल


श्री धर्मदत्त देवकोटा


प्रा.डा. विश्वम्भर प्याकुरेल


श्री भागवत श्रेष्ठ


श्री केशव निरौला

## सञ्चालक समिति


**के.बी. उप्रेती**
अध्यक्ष
प्रतिनिधिः जिल्ला सहकारी संघ लि., काठमाडौं


**रमेश प्रसाद पोखरेल**
पदेन सदस्य
निवर्तमान अध्यक्ष


**सरिता भट्टराई**
सदस्य
प्रतिनिधिः जिल्ला कृषि सहकारी संघ लि. भक्तपुर
(मिति २०७९ जेष्ठ २७ गते सञ्चालक समितिको बैठकबाट राजिनामा स्वीकृत)


**हरिहर नाथ योगी**
सदस्य
प्रतिनिधिः जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि., सुर्खेत


**राम बहादुर जि.सी.**
सदस्य
प्रतिनिधिः आदर्श सञ्चार सहकारी संस्था लि. बाग्लुङ


**रामहरि बजगाई**
सदस्य
प्रतिनिधिः प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि., ललितपुर


**ज्ञान बहादुर तामाङ्ग**
सदस्य
प्रतिनिधिः नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि., काठमाडौं


**अमृता सुब्बा**
सदस्य
प्रतिनिधिः महिला बचत तथा ऋण सहकारी संस्था लि., सुनसरी


**पार्वती थापा मगर**
सदस्य
प्रतिनिधिः नमो स्तुति बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं


**केदार मानन्धर**
सदस्य
प्रतिनिधिः सीतापाइला बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौं


**ध्रुव नारायण यादव**
सदस्य
प्रतिनिधिः जिल्ला बचत तथा ऋण सहकारी संघ लि., धनुषा


**माधवलाल देवकोटा**
सदस्य
प्रतिनिधिः तिलोत्तमा बहुउद्देश्यीय सहकारी संस्था लि., रूपन्देही


**महेन्द्र कुमार गिरी**
सदस्य
प्रतिनिधिः सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. झापा


**विश्वनाथ मण्डल**
सदस्य
प्रतिनिधिः जनज्योति कृषि सहकारी संस्था लि. सप्तरी


**शिवा थापा**
सदस्य
प्रतिनिधिः पशुपति महिला बचत तथा ऋण सहकारी संस्था लि., कैलाली


**विजया घिताल**
सदस्य
प्रतिनिधिः होलिका बचत तथा ऋण सहकारी संस्था लि., बाँके

## लेखा सुपरिवेक्षण समिति


**लक्ष्मी प्रसाद उप्रेती**
संयोजक
प्रतिनिधिः नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि., झापा


**मित्रराज दवाडी**
सदस्य
प्रतिनिधिः सर्व शक्ति बचत तथा ऋण सहकारी संस्था लि., चितवन


**तारा गुरुङ**
सदस्य
प्रतिनिधिः नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि., ललितपुर

सहकारी संघ संस्थाहरुको प्रवर्द्धन, विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
(नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

च.नं : ६९/०७९/०८० मिति : २०७९/०८/१२

श्रीमान् अध्यक्षज्यू,
.......................................सहकारी संघ-संस्था लिमिटेड
.......................................नेपाल ।

## विषय : साधारणसभामा सहभागी हुने बारे ।

मिति २०७९ मंसिर ०९ गते बसेको यस बैंकको सञ्चालक समितिको २०२औं बैठकको निर्णयानुसार १९औं वार्षिक साधारणसभाको एकाइ ..........अन्तर्गत .......... का सम्पूर्ण सहकारी संघ-संस्थाहरूको वैठक सहकारी संस्थाको साधारणसभासम्बन्धी कार्यव्यवस्था एवम् बैकको विनियम २०५९बमोजिम देहायमा उल्लिखित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा त्यस संघ-संस्थाको प्रतिनिधिज्यूलाई उक्त वैठकमा सक्रिय सहभागिता रहने गरी उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारणसभाका कार्यसूचीहरू**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखासुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. लाभांश वितरण सम्बन्धमा,
६. आ.व. २०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
७. कार्यविधिहरू संशोधन सम्बन्धमा,
८. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा,
९. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा,
१०. साधारणसभाको एकाइ (स्थानीय) बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारणसभा (केन्द्रको) निर्णय प्रमाणित गर्न पठाउनुपर्ने एकाइ प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा,
११. सञ्चालक समिति एवम् लेखासुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।

**कार्यक्रम**

| बैठक मिति | एकाइ | बैठक समय | बैठक स्थान | एकाइ बैठकको निर्णय प्रमाणित गर्न आवश्यक सङ्ख्या | केन्द्रीय निर्णय प्रमाणित गर्न चयन हुने प्रतिनिधि सङ्ख्या |
|---|---|---|---|---|---|
| २०७९/०९/१६ | १ | बिहान ८:०० बजे | अतिथि सदन, विराटनगर, मोरङ | १७ | ७ |
| २०७९/०९/१६ | २ | बिहान ८:०० बजे | धर्म संस्था व्याहुत कलवार चौरासी (कलवार कुट्टी) जनकपुरधाम-४ धनुषा | १७ | ६ |
| २०७९/०९/१६ | ३ | बिहान ८:०० बजे | स्काई दरबार बैंकेट प्रा.लि, सिंहदरबार काठमाडौं | १७ | १९ |
| २०७९/०९/१६ | ४ | बिहान ८:०० बजे | पोखरा सभागृह, पोखरा, कास्की | १७ | ५ |
| २०७९/०९/१६ | ५ | बिहान ८:०० बजे | द दरबार लन प्रा.लि., तिलोत्तमा-३ शान्तिचोक रूपन्देही | १७ | ५ |
| २०७९/०९/१६ | ६ | बिहान ८:०० बजे | शुभ होटल, वीरेन्द्रनगर-३ सुर्खेत | १७ | ३ |
| २०७९/०९/१६ | ७ | बिहान ८:०० बजे | ओम प्यालेस, धनगढी | १७ | ३ |

**साधारणसभाको एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय)** २०७९ पुस १८ गते, सोमबार बिहान ११:०० बजे, काठमाडौंमा ।

**साधारणसभासम्बन्धी अन्य जानकारीहरू :**

१. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूले आ–आफ्नो संघ-संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्रका साथै फोटोसहितको आफ्नो परिचय-पत्र साथमा लिएर साधारणसभामा उपस्थित हुनुपर्नेछ । हरेक संघ-संस्थाले एकजना मात्र आधिकारिक प्रतिनिधि मनोनयन गरी पठाउनु पर्नेछ । एक व्यक्ति एक संस्थाको मात्र प्रतिनिधि रहन पाउनेछन् ।
२. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूको आवास तथा यातायात खर्च सम्बन्धित संघ-संस्था आफैँले व्यवस्था गर्नुपर्नेछ । कार्यक्रममा खाजा तथा खानाको व्यवस्था बैंकले गर्नेछ । खाजाको प्रबन्ध बिहान ७ बजेदेखि गरिनेछ ।
३. निर्वाचनसम्बन्धी कार्यतालिकाको जानकारी बैंकको केन्द्रीय कार्यालय, शाखा कार्यालय, र बैंकको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।
४. थप जानकारीका लागि बैंकको टोल फ्री नम्बर १६६००१०२९९९, वेबसाइट (www.ncbl.coop), आधिकारिक सामाजिक सञ्जाल, केन्द्रीय कार्यालय कुपन्डोल तथा बैंकका शाखा कार्यालयहरूमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

बद्रीकुमार गुरागाईं
प्रमुख कार्यकारी अधिकृत

# राष्ट्रिय सहकारी बैंक लि.को १० वर्षे रणनीतिक योजना
# आ.व. २०७९/०८० देखि आ.व. २०८८/०८९ सम्म

## परिकल्पना

- उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक

## ध्येय

- सदस्यहरुको दिगो विकासका लागि नवीनतम प्रविधिसहित प्रतिस्पर्धी एवम् गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्ने,
- नेतृत्व एवम् व्यावसायिक जनशक्ति विकास र परिचालन गरी जिम्मेवार व्यवसाय सञ्चालन मार्फत बैंक र सदस्यहरूमा संस्थागत सुशासन कायम गर्ने/गराउने,
- सहकारी क्षेत्रको व्यावसायिकता विकासका लागि सम्बन्धित सरोकारवालाहरूसँगको समन्वयमा निरन्तर बहस पैरवी गर्ने ।

## रणनीतिक स्तम्भहरू

- सदस्य सेवा तथा पैरवी
- गुणस्तरीय वित्तीय सेवा
- संस्थागत विकास तथा सुशासन
- नवीनतम सूचना प्रविधि तथा प्राविधिक सेवा

# १८औं वार्षिक साधारणसभा उद्घाटनका झलकहरू



एकाइ प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा उद्घाटन गर्दै भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण माननीय मन्त्री शशी श्रेष्ठ ।



एकाइ (१) अन्तर्गत प्रदेश नम्बर १ को विराटनगर मोरङमा उद्घाटन गर्दै प्रमुख अतिथि प्रदेश नम्बर १ का माननीय सभामुख प्रदिप कुमार भण्डारी




एकाइ (२) अन्तर्गत मधेस प्रदेशको जनकपुरमा उद्घाटन गर्दै प्रमुख अतिथि माननीय मुख्य मन्त्री लालबाबु राउत ।



एकाइ (३) अन्तर्गत बागमती प्रदेशको काठमाडौंमा उद्घाटन गर्दै प्रमुख अतिथि माननीय मुख्य मन्त्री राजेन्द्र पाण्डे ।




एकाइ (४) अन्तर्गत गण्डकी प्रदेशको पोखरा, कास्कीमा उद्घाटन गर्दै प्रमुख अतिथि माननीय मुख्य मन्त्री कृष्ण चन्द्र नेपाली पोखरेल ।



एकाइ (५) अन्तर्गत लुम्बिनी प्रदेशको रूपन्देहीमा उद्घाटन गर्दै प्रमुख अतिथि प्रदेश प्रमुख माननीय अमिक शेरचन



एकाइ (७) अन्तर्गत सुदूरपश्चिम प्रदेशको धनगढीमा उद्घाटन गर्दै प्रमुख अतिथि माननीय सभामुख अर्जुन बहादुर थापा ।




एकाइ (६) अन्तर्गत कर्णाली प्रदेशको वीरेन्द्रनगर, सुर्खेत ।

# १८औं वार्षिक साधारणसभामा सहभागी प्रतिनिधिहरू



बागमती प्रदेश



गण्डकी प्रदेश



कर्णाली प्रदेश



लुम्बिनी प्रदेश



प्रदेश नं. १



मधेस प्रदेश



सुदूरपश्चिम प्रदेश



लुम्बिनी प्रदेश

# यस सञ्चालक समितिको कार्यावधिमा बैंकले प्राप्त गरेका प्रमुख उपलब्धिहरु

## वित्तीय सूचक

रकम रू.

| प्रमुख वित्तीय सूचक | अघिल्लो समितिको अन्तिम आर्थिक वर्ष (आ.व. ०७४/०७५) | यस समितिको पहिलो आर्थिक वर्ष (आ.व. ०७५/०७६) | यस समितिको अन्तिम आर्थिक वर्ष (आ.व. ०७८/०७९) | वृद्धिदर |
|---|---|---|---|---|
| कुल सम्पत्ति | २२,०८२,७६५,८१४ | ३०,८७२,६७०,७३४ | ५७,८७४,०६३,२६३ | १६२% |
| कुल पुँजीकोष | १,५८७,२३८,७७० | २,५७६,२३९,७७५ | ५,४२३,५२७,३२२ | २४२% |
| निक्षेप परिचालन | १९,९६२,९८८,७०९ | २७,९७८,१२५,३११ | ५०,६८६,०५८,८३४ | १५४% |
| कर्जा तथा सापटी | १२,४४८,५२६,२२४ | १९,०२२,०११,४२२ | ३६,३६८,३७९,२७८ | १९२% |
| खुद मुनाफा | २८८,९७४,५९२ | ४९९,०२८,६१४ | ९८९,३९७,३६६ | २४२% |
| सदस्यता | ९,९१२ | ११,१२५ | १५,४७४ | ५६% |
| शेयर पुँजी | १,०४२,२२२,००० | १,५७८,०८०,००० | २,९१७,०५३,२०० | १८०% |

### सदस्यलाई प्रतिफल

सञ्चालक समितिको यस कार्यवधिका सम्पूर्ण आर्थिक वर्षमा सदस्यको शेयर लगानीमा १५ प्रतिशत लाभांश प्रदान गर्न बैंक सफल रहेको छ । सहकारी ऐन २०७४ को व्यवस्थाबमोजिम निक्षेप तथा कर्जाको योगदानका आधारमा आर्थिक वर्ष २०७६/०७७ देखि संरक्षित पुँजी फिर्ता कोषको रकम बाँडफाँट गर्न थालिएको छ ।

### सञ्जाल विस्तार

यस कार्यवधिमा २४ शाखा थप गरी ३७ जिल्लामा प्रत्यक्ष रूपमा शाखा सञ्जाल विस्तार भएको छ भने प्रदेश कार्यलय सञ्चालनका लागि नियामक निकायबाट स्वीकृति प्राप्त गरी कार्य अगाडि बढाइएको छ । प्रत्यक्ष शाखा सञ्जाल नपुगेका तथा ग्रामीण क्षेत्रका सहकारीलाई शाखारहित बैंकिङ तथा विस्तारित काउन्टर सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ ।

### प्रविधिमार्फत सहकारी सबलीकरण

सदस्य सहकारी संस्थाहरूले आफ्ना व्यक्तिगत सदस्यहरूका लागि Debit Card को सेवा प्रदान गर्नका लागि आवश्यक पूर्वाधार सहित सेवा शुभारम्भ गरिएको छ । बैंकका सदस्य संस्थाहरूले COOP CARD ब्रान्डमा आफ्ना सदस्यहरूलाई Debit Card प्रदान गर्न सक्नेछन् । भौगोलिक पहुँचका आधारमा बैंकको शाखा कार्यालयबाट टाढा रहेका सदस्य संस्थाहरूलाई लक्षित गरी बैंकको Remote Fund Transfer System सेवा प्रयोगमा ल्याइएको छ ।

### सदस्यको प्रजातान्त्रिक नियन्त्रणको सुनिश्चितता

सदस्यको प्रजातान्त्रीक नियन्त्रणको सुनिश्चितता गर्नका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र सहकारी संस्थाको साधारणसभा कार्यव्यवस्था निर्देशिकाको पूर्ण पालना गर्दै आर्थिक वर्ष २०७७/०७८ देखि बैंकले सात प्रदेशलाई एकाइमा विभाजन गरी एकाइस्तरमा साधारणसभा सञ्चालन गर्ने प्रक्रियाको सुरूवात गरेको छ ।

### केन्द्रीय कार्यालय निर्माणका लागि जग्गा खरिद

बैंकको केन्द्रीय कार्यालय निर्माणका लागि काठमाडौं महानगरपालिका टेकुमा जग्गा खरिद गरिएको छ । साथै उक्त स्थानमा भवन निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

### कोभिड-१९ को सामनाका लागि सहकार्य

यस समितिको कार्यवधिको आधा समय कोभिड-१९ को प्रभावमा रह्यो । कोभिड-१९ को सामनाका लागि बैंकले सहकारी क्षेत्रमार्फत नेतृत्वदायी भूमिका निर्वाह गर्‍यो । आर्थिक वर्ष २०७६/०७७ मा कोभिड-१९ को असर न्यूनीकरण तथा रोकथाममा सहयोग पुर्‍याउन सञ्चालक समिति तथा लेखासुपरिवेक्षण समितिको १ दिनको बैठक भत्ता, कर्मचारीहरूको १ दिनको तलबसमेत गरी सामाजिक उत्तरदायित्व कोषबाट नेपाल सरकारलाई रू.१,१११,१११ सहयोग गरिएको थियो । नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार सदस्यहरूलाई समयमै किस्ता बुझाउँदा ब्याजमा १० प्रतिशत र आ.व. २०७७/०७८ मा कर्जामा २ प्रतिशत सहुलियत प्रदान गरेको थियो । कोभिड-१९ दौडान बैंकले रू. ४२,२२८,२८१ ब्याज छुट गरी सदस्यहरूलाई केही हदसम्म राहत प्रदान गर्न प्रयत्न गरेको थियो ।

### अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार

बैंकको विनियमअनुरूप मुख्य उद्देश्यहरूमध्ये एक अन्तर्राष्ट्रिय सहकारी संस्था वा संघहरूमा आवश्यक समन्वय कायम गर्ने रहेकोमा यस समितिको कार्यावधिमा थप एउटा अन्तर्राष्ट्रिय निकाय International Cooperative Banking Association (ICBA) को सदस्यता हासिल गरेको छ भने अर्को एक निकाय International Raiffeisen Union (IRU) को सदस्यता हासिल गर्ने क्रममा रहेको छ ।

### सहकारीको पुस्तान्तरणका लागि सहकारी बाल क्लब

नेपालको सहकारी अभियानमा सहकारी पुस्तान्तरणको संभावित चुनौतिको व्यवस्थापन, विद्यालयस्तरमा अध्ययनरत बालबालिकाहरूमा सहकारी र वित्तीय साक्षरतासम्बन्धी सीप प्रदान गर्नको लागि ७ प्रदेशका ५५ विद्यालयहरूमा सहकारी बालक्लब गठन गरिएको छ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## निर्वाचन उपसमिति

### संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचनसम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०७९/०८/११**

### निर्वाचन कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटेडको मिति २०७९ पुस १६ मा हुने एकाई सभा र २०७९ पुस १८ गते हुने एकाई प्रतिनिधिहरूको केन्द्रीय साधारणसभाबाट सञ्चालक समिति र लेखासुपरिवेक्षण समितिको निर्वाचन बैंकको निर्वाचन कार्यविधिको दफा ६ अनुसार देहायबमोजिम हुने गरी यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ । निर्वाचनमा (उम्मेदवार हुन, समर्थक/प्रस्तावक हुन, मतदान गर्न, दाबीविरोध उजुरी गर्न, प्रतिनिधि बन्न र निर्वाचनसम्बन्धी अन्य कुनै जानकारी हासिल गर्ने आदि जस्ता कार्यहरू) सहभागी हुन बैंकद्वारा जारी गरिएको सदस्य संस्थाको प्रतिनिधि परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

## निर्वाचन कार्यक्रम तालिका

| कार्य | मिति | समय | कैफियत |
|---|---|---|---|
| **खण्ड क** | | | |
| मतदाता नामावली प्रकाशन | २०७९-०९-०५ | बिहान १०:०० बजे | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| मतादाता नामावलीउपर दाबी-बिरोध | २०७९-०९-०५ | बिहान ११:०० देखि दिउँसो १२:०० बजेसम्म | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| अन्तिम मतदाता नामावली प्रकाशन | २०७९-०९-०५ | दिउँसो १२:१५ बजे | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| उम्मेदवारी पत्र वितरण (उम्मेदवार/आवेदन फाराम) | २०७९-०९-०५ | दिउँसो १२:३० देखि बेलुका ०४:०० बजेसम्म | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| उम्मेदवारको दरखास्त दर्ता | २०७९-०९-०६ | बिहान १०:३० देखि दिउँसो १:०० बजेसम्म | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| उम्मेदवारहरूको पहिलो नामावली प्रकाशन | २०७९-०९-०६ | दिउँसो १:१५ बजे | उपत्यकाको हकमा केन्द्रीय कार्यालय र उपत्यका बाहिरको हकमा बाहिरका सबै शाखामार्फत |
| उम्मेदवारी सूचीउपरको दाबी-विरोध | २०७९-०९-०६ | दिउँसो १:३० देखि दिउँसो २:३० बजे सम्म | |
| दरखास्त,दाबी-विरोधको छानबिन | २०७९-०९-०६ | दिउँसो २:४५ देखि बेलुका ४:०० बजेसम्म | |
| उम्मेदवारीउपर परेको उजुरीको निर्णय (नामावली प्रकाशन) | २०७९-०९-०६ | बेलुका ४:१५ बजे | |
| उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०७९-०९-०७ | बेलुका ५:०० बजेसम्म | |
| अन्तिम उम्मेदवारी सूची प्रकाशन | २०७९-०९-०७ | बेलुका ६:०० बजे | |
| **खण्ड ख** | | | |
| निर्वाचन उपसमितिका तर्फबाट मतदान प्रक्रियाको जानकारी | २०७९-०९-१६ | बिहान ९:०० बजेदेखि प्रदेशगतरूपमा | |
| मतदान | २०७९-०९-१६ | बिहान ११:३० बजेदेखि बेलुका ५ बजेसम्म | |
| **खण्ड ग** | | | |
| मतपेटिका संकलन र सङ्ग्रह | २०७९-०९-१६ | ५ बजेदेखि बेलुका | |
| मतगणना | २०७९-०९-१६ | ६ बजेदेखि बेलुका | |
| निर्वाचन उपसमितिको बैठक | २०७९-०९-१७ | बिहान १०:०० बजे | |
| निर्वाचन परिणामको घोषणा | २०७९-०९-१८ | बिहान ११:०० बजे | |
| निर्वाचित सदस्यलाई शपथ ग्रहण तथा प्रमाण-पत्र हस्तान्तरण | २०७९-०९-१८ | दिउँसो १:०० बजेदेखि | |

**नोट :**

१) निर्वाचनमा सहभागी हुनुहुने संस्थाका प्रतिनिधिहरूले २०७९/०९/१६ गते ५:०० बजेभित्र उपस्थिति पुस्तिकामा हस्ताक्षर गरिसक्नुपर्नेछ ।

२) निर्वाचन कार्यक्रमको तालिकामा हेरफेर गर्नेलगायतका अन्य अधिकार निर्वाचन उपसमितिमा हुनेछ ।

**संयोजक**
अधिवक्ता सुमन पौडेल
निर्वाचन उपसमिति

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | बैंकको प्रगति विश्लेषण | ०-२ |
| २. | सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन तथा आ.व. २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम | ३ |
| ३. | लेखासुपरिवेक्षण समितिको प्रतिवेदन | २३ |
| ४. | आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन | ३१ |
| ५. | शाखा कार्यालयहरूको विवरण | ९१ |
| ६. | साधारणसभाको नोट | ९५ |

# बैंकको प्रगति विश्लेषण
## आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्म


















# बैंकको प्रगति विश्लेषण
# आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्म


















# बैंकको प्रगति विश्लेषण
# आर्थिक वर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्म


















# सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटेडको गरिमामय १९औं वार्षिक साधारणसभाको सम्पूर्ण एकाइमा आतिथ्यता गर्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, नियमनकारी निकायका प्रतिनिधिज्यूहरू, स्थानीय तहका प्रतिनिधिज्यूहरू, बैंकको सदस्य सहकारी संघ-संस्थाबाट पाल्नुभएका प्रतिनिधि एवम् पर्यवेक्षकज्यूहरू, बैंकको लेखापरीक्षकज्यू, सल्लाहकार, विद्वत् समूह सदस्यज्यूहरू, एवम् कानुनी सल्लाहकारज्यूहरू र विभिन्न सञ्चार गृहहरूबाट पाल्नुभएका सञ्चारकर्मीज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दै न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम हामीलाई यस बैंकको सञ्चालक समितिमा निर्वाचित गरी ४ वर्षसम्म नेतृत्व गर्ने अवसर दिनुभएकोमा यहाँहरूलाई धन्यवाद ज्ञापन गर्दछु । मिति २०७५/०९/२२ गते सम्पन्न वार्षिक साधारणसभाबाट निर्वाचित भएको मेरो नेतृत्वको सञ्चालक समितिले आफ्नो कार्यकाल आजका मितिबाट पूरा गर्दैछ । यस अवधिमा हामीले सहकारी बैंक र सिङ्गो सहकारी अभियानको विकास र प्रवर्द्धनमा खेलेको भूमिकाको मूल्याङ्कन गरी उचित राय सुझाव दिनुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

अब म यस गरिमामय साधारणसभामा समग्र देशको अर्थतन्त्र, सहकारी अभियानको अवस्थाबारे टिप्पणी तथा बैंकले आ.व. २०७८/०७९ मा हासिल गरेका उपलब्धिहरू, वार्षिक लक्ष्य तथा कार्यक्रम कार्यान्वयनको अवस्था साथै आ.व. २०७९/०८० को वार्षिक लक्ष्य तथा कार्यक्रमहरू र अनुमानित बजेटसमेत यहाँहरूसमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## समग्र अर्थतन्त्र र सहकारी अभियानको सारांशगत विश्लेषण

गत आर्थिक वर्ष २०७८/०७९ मा समष्टिगत रूपमा देशको अर्थतन्त्रका सूचकहरू उत्साहजनक हुन सकेन । कोभिड-१९ को महामारीपश्चात् अर्थतन्त्र पुरानै लयमा फर्कने क्रममा रहँदा रहँदै पुनः विभिन्न अन्तर्राष्ट्रिय परिघटनाहरूका कारण विश्व अर्थतन्त्रसँगै हाम्रो देशको अर्थतन्त्र पनि प्रभावित हुन पुग्यो । गत आर्थिक वर्षमा देशको औसत मुद्रास्फीति ६.३ प्रतिशत कायम रहे पनि आर्थिक वर्षको अन्तिम महिना असारमा भने ८.०८ प्रतिशत कायम हुन पुग्यो । नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम, वार्षिक बजेटका साथै नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिको प्राथमिकता कोभिडपछिको आर्थिक पुनरूत्थानमा केन्द्रित थियो । तर, विप्रेषण आप्रवाहमा कमी, बढ्दो शोधनान्तर घाटा, घट्दो विदेशी मुद्रा सञ्चिति र सरकारी पुँजीगत खर्चमा आएको कमीलगायतका कारण बैंक तथा वित्तीय संस्थाहरूमा तरलता अभाव हुन थाल्यो ।

समग्र अर्थतन्त्रमा देखिएको सङ्कुचनबाट सहकारी क्षेत्र पनि अछुतो रहेन । वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको समस्या लम्बिँदै जाँदा केही सहकारी संस्थामा पनि यो समस्या देखिएपछि समग्र सहकारी क्षेत्रमा नै नकारात्मक प्रभाव परेको हामीले महसुस गरेका छौँ । केही सहकारी संस्थाहरूको समस्यालाई सिङ्गो सहकारी अभियानै समस्याका रूपमा टीकाटिप्पणी र बहस हुनुका साथै आम-सञ्चारमाध्यमहरूमा प्रकाशित समाचार, विज्ञापन बोर्डको लोक कल्याणकारी सूचना, सहकारी अभियानद्वारा जारी अपिलहरूको व्याख्या र बुझाइमा फरकतालगायतका कारणले सहकारी क्षेत्रप्रति अविश्वास बढ्न गई अनपेक्षित रूपमा निक्षेप फिर्ता भएको छ । तरलता अभावसँगै बैंक तथा वित्तीय क्षेत्रमा ब्याजदर वृद्धि भए पनि सहकारीको सन्दर्भ ब्याजदर समयमै पुनरावलोकन हुन नसक्दा सहकारी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता गुमाएको छ । जसका कारण सहकारी संस्थाहरूमा तरलता अभावको समस्या बढ्न गई नियमित बचत फिर्ताका लागिसमेत समस्या देखिन थालेको छ । सहकारी अभियानमा यो अवस्था आउनुमा संस्थाहरूले छोटो अवधिको स्रोत प्राप्ति गरी लामो अवधिका क्षेत्रमा लगानी गर्नु, सम्पत्ति तथा दायित्व व्यवस्थापन हुन नसक्नु, वस्तु तथा सेवा विविधीकरण गर्न पर्याप्त ध्यान नदिनु, केही संस्था सञ्चालनमा प्रत्यक्ष संलग्न व्यक्तिले ठूलो मात्रामा कर्जा उपयोग गर्ने तर समयमा भुक्तानी नगर्नु, अन्तर सहकारी कारोबार गर्नु, जोखिम न्यूनीकरणसम्बन्धी प्रावधानहरूको पर्याप्त कार्यान्वयन नगर्नु, पर्याप्त विश्लेषण नगरी ठूलो रकम अनुत्पादक क्षेत्रमा लगानी गर्नुका साथै कमजोर संस्थागत सुशासन र नियामकीय निर्देशनहरूको पालना जस्ता कमजोरीहरू देखिएका छन । एकाध संस्थामा देखिएका समस्याले सिङ्गो सहकारी अभियानमा नै नकारात्मक प्रभाव पार्ने र यसले अन्ततः सहकारीको छवि नै नकारात्मक बनाउने हुँदा देखिएका विकृति कम गर्दै सहकारी अभियानलाई सुरक्षित र व्यवस्थित गर्नका लागि सरोकारवालाहरूबीच सहकार्यको आवश्यक्ता देखिएको छ ।

सहकारी क्षेत्रमा थोक कारोबारमा मात्रै संलग्न भएकाले यस बैंकमा सहकारी क्षेत्रमा आएको सङ्कुचनको प्रभाव स्वतः देखियो । यद्यपि सदस्य संस्थाहरूको वित्तीय स्थिरतालाई बैंकले पहिलो प्राथमिकतामा राख्दै जुनसुकै अवस्थामा निक्षेप फिर्ता गर्ने रणनीतिलाई कार्यान्वयन गरेको थियो । यही अवधिमा बैंकले सदस्य संस्थाहरूको तरलता व्यवस्थापनमा सहयोग गर्ने हेतुले

आपतकालीन तरलता व्यवस्थापन कर्जामार्फत स्रोतको सुनिश्चितता प्रदान गऱ्यो । तर, वित्तीय क्षेत्रमा नै देखिएको निक्षेप वृद्धिको गिरावट र बैंकले अनपेक्षित रूपमा निक्षेप फिर्ता र अस्वाभाविक रूपमा कर्जा मागमा वृद्धि हुँदा व्यावसायिक प्रकृतिका कर्जा लगानीमासमेत नियन्त्रण गर्नुपरेकाले बैंकको वासलातमा भने सङ्कुचन देखिएको छ ।

***उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,***

कोभिड–१९ महामारीपश्चात् वित्तीय क्षेत्रमा देखिएको चुनौतीपूर्ण परिस्थितिको सामना अहिले पनि गरिरहनुपरेको यथार्थ हामीसामु छँदै छ । गत आर्थिक वर्ष समग्र वित्तीय बजारले चरम तरलता अभावको सामना गर्नुपरेको थियो । यो अभाव महामारीले निम्त्याएको त्यसैको प्रभाव स्वरूप थियो भन्न सकिन्छ । समग्रमा अर्थतन्त्रका सूचकहरू उत्साहजनक नभएको अवस्थामा सहकारी क्षेत्रलाई पनि नकारात्मक प्रभाव पर्दै गयो । विशेष गरी सरकारी पुँजीगत खर्चमा आएको कमी, भुक्तानी असन्तुलन, विप्रेषण आप्रवाहमा आएको कमी, गैरबैंकिङ च्यानलबाट हुने गरेका वित्तीय कारोबारहरू, महामारीपश्चात् उद्योग र वाणिज्य क्षेत्रले पुरानै लयमा गति लिन नसक्नु, बैंक वित्तीय क्षेत्रका खराब कर्जाहरूमा वृद्धि हुनु जस्ता कारणहरूले समग्र अर्थतन्त्रका सूचकहरू ओरालो लागेको दृष्टान्त हामीसामु छ । सहकारी क्षेत्रमा अर्थतन्त्रका यिनै अवस्थाले प्रभाव पारेको बेलामा वित्तीय सङ्कटमा सहयोग गर्ने, यसलाई पुरानै गतिमा लैजाने महत्त्वपूर्ण जिम्मेवारी यति बेला यस बैंकको काँधमा आइपुगेको महसुस भएको छ ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न परिघटनाहरूका कारण समग्र वित्तीय बजारमा परेको प्रभावको सामनाका लागि बैंकले निरन्तर आफ्ना वित्तीय कारोबारहरूलाई सूक्ष्म ढङ्गमा व्यवस्थापन गर्दै गरेको छ । फलस्वरूप बैंकले लगानीयोग्य तरलता अभावको सामना गर्नुपरे तापनि समग्र बैंकिङ व्यवसायलाई सुरक्षित र मापदण्डभित्रै राख्न सफल भएको छ । वित्तीय बजारमा सङ्कटको अवस्थामासमेत बैंकले आफ्ना मुख्य वित्तीय सूचकाङ्कहरूलाई स्थिर र राष्ट्र बैंकले तोकेको सीमाभित्रै व्यवस्थापन गरेको छ ।

**नेपाल सरकारको आर्थिक वर्षको बजेटमा सहकारी**

संविधानको व्यवस्थाअनुसार कार्यक्षेत्रअनुसार सहकारीहरू स्थानीय, प्रदेश र संघमा बाँडिएपछि तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । तथ्याङ्क राख्न सङ्घीय सरकारले सुरु गरेको सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (कोपोमिस) बाटसमेत पूर्ण अभिलेख प्राप्त हुन सकेको छैन । जसका कारण सहकारीको वास्तविक अवस्था आउन सकेको छैन भने योजना निर्माणमा सहकारी क्षेत्रको प्राथमिकता ओझेलमा परेको छ ।

नेपाल सरकारद्वारा प्रकाशित आर्थिक सर्वेक्षण २०७८/०७९ को तथ्याङ्कअनुसार २०७८ फागुनमा सहकारी संस्थाहरूको सङ्ख्या ३० हजार ८ सय ७९ र सदस्य सङ्ख्या ७३ लाख ३७ हजार २ सय ५२ र शेयर पुँजी ९४ अर्ब १२ करोड रुपैयाँ रहेको छ । यस अवधिमा सहकारी क्षेत्रमा रू ४ खर्ब ७७ अर्ब ९९ करोड बचत परिचालन भई रू. ४ खर्ब २६ अर्ब ३१ करोड कर्जा प्रवाह भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा सहकारी क्षेत्रमा ८८ हजार ३ सय ९ प्रत्यक्ष रोजगारी सिर्जना भएकोमा आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म ९१ हजार ३ सय १ प्रत्यक्ष रोजगारी सिर्जना भएको छ ।

सङ्घीय सरकारको आ.व. २०७९/०८० को बजेटले सहकारीको सुपरिवेक्षण तथा नियमनका साथै सहकारीमार्फत उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जनालाई प्रमुखता दिएको छ । बजेटमार्फत सहकारी क्षेत्रको विकासका लागि लिइएका प्रमुख लक्ष्य तथा कार्यक्रमहरू देहायबमोजिम रहेका छन् :

- नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दायराबाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी र गैरसरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको नियामक निकाय स्थापना गरिने ।
- सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणका लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्षका रूपमा मनाउने ।
- कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीका रूपमा सहभागी हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरूमध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत श्रम सहकारीमा आबद्ध गरी कम्तीमा ३ सय कृषि स्वयम्सेवक तयार पार्ने ।
- सहकारीको मन्त्र : आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्त्वपूर्ण क्षेत्रको रूपमा परिचालन गर्ने ।
- सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गर्ने, सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने व्यवस्था गर्ने ।
- सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिद-बिक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था कायम

गरेको हुनुपर्ने ।

- कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई विभिन्न तहमा अनुदान र भन्सार छुटको सुविधा प्रदान गर्ने ।
- २० करोड रुपैयाँ चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई पुँजीको ५ प्रतिशत रकम पुँजीगत अनुदान प्रदान गर्ने ।
- स्थानीय तहले स्वपुँजी लगानी गरी कम्तीमा ३ सय स्थानीय किसानहरूको सहभागितामा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान दिने ।
- किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाइने ।
- २०४९ सालअघि साझा सहकारीबाट लिएका सम्पूर्ण किसानहरूको ऋण मिनाहा गरेर धितो जग्गा फुक्का गरिने ।
- भूमिहीन दलित, सुकुम्बासी, राउटे, वनकरिया, मुसहर र डोम समूदायद्वारा स्थापित सहकारी संस्थाहरूमार्फत सञ्चालन हुने कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसाय सञ्चालनका लागि अधिकतम ५ प्रतिशत सहुलियत ब्याजदरमा कर्जा प्रवाहको व्यवस्था मिलाइने ।

### २०७९/०८० को मौद्रिक नीतिमा सहकारी

नेपाल राष्ट्र बैंकबाट जारी आ.व. २०७९/०८० को मौद्रिक नीतिले लिएका लक्ष्यहरूमा सरकारको बजेट वक्तव्यमा व्यवस्था भएबमोजिम राष्ट्र बैंकको सुपरिवेक्षकीय दायरा बाहिर रही वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी र गैरसरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोस्रो तहको नियामक निकाय स्थापना गर्ने तयारी गरेको छ । कसिलो मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले अनुत्पादक क्षेत्रमा हुने कर्जा प्रवाहमा कडाइ गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूले आन्तरिक अर्थतन्त्र बलियो बनाउने, उत्पादनमूलक क्षेत्रमा लगानीका लागि दिशानिर्देश गरेको छ ।

### सहकारीको अवस्था, चुनौती र कार्यदिशा

वि.सं. २०१३ मा बखान सहकारीको स्थापनासँगै सुरुवात भएको नेपालको सहकारी अभियानले विभिन्न आरोह अवरोह सहित ६८ वर्ष पार गरिसकेको छ । नेपालको सहकारी क्षेत्रले सीमित रूपमा उपलब्ध स्रोत-साधनका बाबजुद पनि सरकारी क्षेत्रको पहुँच नपुगेको र निजी क्षेत्रप्रति आम मानिसले अपनत्व ग्रहण गर्न नसकेको अवस्थामा आम मानिसका आवश्यकताहरूको परिपूर्ति गर्दै समाज तथा देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रको विकासमा अतुलनीय योगदान गरिरहेको छ । सहकारीका विश्वव्यापी सिद्धान्त तथा मान्यताहरूलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गरिरहेको छ ।

सहकारी अभियानले गौरवपूर्ण ६८ वर्ष पार गरिरहँदा यस आर्थिक वर्ष वित्तीय व्यवस्थापनका हिसाबले चुनौतीपूर्ण रहन पुग्यो । वित्तीय व्यवस्थापनमा केही सहकारी संस्थाहरू कमजोर देखिदा सुशासनमा रहेर असल अभ्यास गरिरहेका संस्थाहरूमासमेत त्यसको प्रभाव पर्न गयो र समग्र सहकारी अभियान कमजोर बन्न पुग्यो । अर्थतन्त्रका कुनै एक एकाइ (Economic Element) मा समस्या देखिँदा त्यसको प्रभाव अन्य एकाइमासमेत देखिन्छ । अर्थशास्त्रको सिद्धान्तअनुसार अर्थतन्त्रको चक्र (Economic Cycle) मा आरोह-अवरोह सामान्य हो । आरोह अवरोहको समुचित व्यवस्थापन भने अर्थतन्त्रका अवयव (Economic Element) मा भर पर्ने कुरा हो । सहकारी क्षेत्रको विद्यमान सङ्कट अल्पकालीन रहेको र अर्थतन्त्रको चक्रसँगै व्यवस्थापन हुने देखिन्छ ।

सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यका आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तिका साथै स्थानीयस्तरका आर्थिक सामाजिक समस्याहरूको न्यायोचित समाधान गर्नका लागि सहकारीका मूल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरू सक्षम रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादको प्राप्तिका लागि सहकारी क्षेत्रको क्रियाशीलता आजको आवश्यकता हो । सहकारीको आर्थिक सहभागितालाई नेपालको संविधानप्रदत्त भूमिका दिइएको हुँदा सहकारी अभियानलेसमेत संविधानको परिकल्पनाअनुरूप आफ्नो भूमिका तथा जिम्मेवारीलाई गाम्भीर्यतापूर्वक लिनु आवश्यक रहेको छ ।

### *उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,*

अब म आ.व. २०७८/०७९ मा बैंकले सम्पन्न गरेको समग्र कार्यक्रमहरूलाई बैंकको १० वर्षे रणनीतिक कार्यदिशाका आधारमा चार ओटा स्तम्भमा समेटी प्रस्तुत गर्न चाहन्छु ।

# स्तम्भ १: सदस्य सेवा तथा पैरवी

## १.१ सदस्यता र शेयर पुँजीसम्बन्धी प्रदेशगत विवरण

| प्रदेश | सदस्य | भार (%) | शेयर पुँजी (रू.) | भार (%) |
|---|---|---|---|---|
| प्रदेश नं. १ | २,४४० | १५.७७ | ४४३,३४३,७०० | १५.२० |
| मधेस प्रदेश | २,०६१ | १३.३२ | १५६,६५२,००० | ५.३७ |
| बागमती प्रदेश | ६,४७७ | ४१.८६ | १,३६४,२४८,९०० | ४६.७७ |
| गण्डकी प्रदेश | १,५०२ | ९.७१ | ४३०,१२७,५०० | १४.७५ |
| लुम्बिनी प्रदेश | १,८७९ | १२.१४ | ४२०,२४७,००० | १४.४१ |
| कर्णाली प्रदेश | ६७९ | ४.३९ | ५३,८९२,१०० | १.८५ |
| सुदूरपश्चिम प्रदेश | ४३६ | २.८२ | ४८,५४२,००० | १.६६ |
| जम्मा | १५,४७४ | १००.०० | २,९१७,०५३,२०० | १००.०० |

*शाखाको वितरणअनुसार*

## १.२ शेयर सदस्यता सम्बन्धमा :

२०७९ मंसिर ९ गतेसम्ममा तपसिलबमोजिमका जम्मा १५ हजार ७ सय २६ सहकारी संघ-संस्थाहरू बैंकमा आबद्ध भई निम्नानुसार शेयर खरिद गरेका छन् ।

### प्रारम्भिक सदस्य सहकारी संस्थाहरू

| क्र.सं. | सदस्य संघ-संस्था | सङ्ख्या | रकम रू. |
|---|---|---|---|
| १ | बचत तथा ऋण | ७,६३६ | १,८२०,५१९,३०० |
| २ | कृषि | ३,१५४ | १३०,५१५,८०० |
| ३ | बहुउद्देश्यीय | २,४५३ | ७६०,९८३,२०० |
| ४ | दुग्ध | ६७२ | २६,५८५,५०० |
| ५ | महिला | ७७३ | ३३,१७२,००० |
| ६ | उपभोक्ता | २०३ | १६,२८३,००० |
| ७ | स्वास्थ्य | ५१ | ४,८७८,००० |
| ८ | विद्युत् | ५९ | १,२८६,००० |
| ९ | मौरी तथा मह | १३ | १९१,५०० |
| १० | शिक्षा | ८ | ९४२,००० |
| ११ | अन्य | ५६२ | १०८,०६१,५०० |
| | जम्मा (अ) | १५,५८४ | २,९०३,४१७,८०० |

### नेपाल सरकार, विकास बोर्ड, सहकारी महासंघ, अन्य निकाय तथा संघहरू

| क्र.सं. | नाम | सदस्य सङ्ख्या | रकम रू. |
|---|---|---|---|
| १ | नेपाल सरकार | १ | १०,०००,००० |
| २ | राष्ट्रिय सहकारी विकास बोर्ड | १ | १०,००० |
| ३ | राष्ट्रिय सहकारी महासंघ | १ | ५२०,००० |
| ४ | केन्द्रीय सहकारी संघहरू | १४ | ७,२४२,००० |
| ५ | स्थानीय तहका संस्थाहरू | ३ | ७९९,००० |
| ६ | जिल्लास्तरीय सहकारी संघहरू | १२२ | १९,३०४,००० |
| | जम्मा (आ) | १४२ | ३७,८७५,००० |
| | (अ+आ गरी) जम्मा | १५,७२६ | २,९४१,२९२,८०० |

### १.३ अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार

सहकारी बैंक International Cooperative Alliance (ICA), Association of Asian Confederation of Credit Unions (ACCU), Network for the Development of Agricultural Cooperative in Asia and the Pacific (NEDAC) र Asia – Pacific Rural Agricultural and Credit Association (APRACA) मा पूर्ण मताधिकारसहितको सदस्य रहेको छ भने विभिन्न प्रकारका तालिम गोष्ठीहरूमा सहभागिताका लागि भारतको Centre for International Cooperation in Training and Agricultural Banking (CICTAB) सँग सहकार्य गरिरहेको छ । यसै आ.व.मा बैंकले ICAअन्तर्गतको ICBA (International Cooperative Banking Association) को पूर्ण मताधिकार सहितको सदस्यता प्राप्त गरेको छ भने International Raiffeisen Union (IRU) को सदस्यताका लागि प्रक्रिया अगाडि बढाइएको छ । उल्लिखित अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमार्फत प्राविधिक सहयोग, सहकारीको असल अभ्यास, प्रविधि, पैरवीलगायतका वृहत् क्षेत्रमा सहकार्यका लागि निरन्तरता दिइएको छ ।

### १.४ दिगो विकास लक्ष्य प्राप्तिका लागि सहयोग

संयुक्त राष्ट्र संघका १७ ओटा दिगो विकास लक्ष्यअन्तर्गतका कतिपय लक्ष्यहरू प्राप्तिका लागि बैंकको प्रत्यक्ष-अप्रत्यक्ष सहयोग रहेको छ । दिगो विकास लक्ष्यको पाँचौं लक्ष्य महिला समानतामा केन्द्रित रही बैंकले ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा बैंकको ६८ ओटै शाखामा सहकारीमा महिला र युवाको गुणस्तरीय सहभागिता विषयक लघु गोष्ठीको आयोजना गरिएको थियो, जसमा १३८० जनाको सहभागिता रहेको थियो । यसका साथै महिला दिवसको अवसरमा सहकारी संस्थाहरूको टेलरमा कार्यरत युवा कर्मचारीहरूसँगको अनुभव आदान-प्रदान कार्यक्रमको आयोजना गरिएको थियो, जसमा ६८ ओटा शाखा कार्यालयअन्तर्गतका सदस्य संस्थाहरूबाट १६९५ जनाको सहभागिता रहेको थियो ।

### १.५ शिक्षा तालिम कार्यक्रम

बैंकले आफ्ना सदस्य संघ-संस्थाहरूका लागि सहकारीसम्बन्धी विभिन्न विषयका तालिमहरू प्रदान गर्दै आइरहेको छ । शिक्षा तालिम कार्यक्रमअन्तर्गत बैंकले आ.व. २०७८/०७९ मा सम्पन्न गरेको ३५४ ओटा विभिन्न प्रकारका तालिम कार्यक्रमहरूमार्फत २४ हजार ९२४ जना लाभान्वित भएका छन् । हाल बैंकले सहकारीका लागि फरक-फरक विषयमा विभिन्न पद तथा तहलाई लक्षित गरी तालिमहरू सञ्चालन गरिरहेको छ । कोभिड महामारीमा बैंकले भर्चुअल माध्यमबाट सञ्चालन गरेका निःशुल्क तालिमहरूलाई यस वर्ष पनि निरन्तरता दिइएको छ भने भौतिक उपस्थितिमा सञ्चालन गर्ने तालिम कार्यक्रमहरू बैंकको केन्द्र र शाखा कार्यालयहरूबाट नियमित सञ्चालन भइरहेका छन् ।

### १.६ सरकारसँग बहस तथा पैरवी

सहकारीलाई मर्यादित बनाई व्यावसायिक र निर्बाध रूपमा सञ्चालन गर्नका लागि समयसापेक्ष कानुनहरूको तर्जुमा तथा सहकारी व्यवसाय प्रतिकूल रहेका कतिपय कानुनहरूको संशोधनलगायतका कार्यका लागि बैंकले सरकारका विभिन्न निकायहरूसँग विभिन्न समयमा अन्तरक्रिया एवम् छलफलहरूमा सहभागिता जनाएको छ । सन्दर्भ ब्याजदर निर्धारण प्रक्रियामा भूमिका निर्वाह गर्दै यो बजारमा आधारित हुनुपर्छ भन्दै सुधारका लागि बैंकले आवश्यक पहलकदमी निरन्तर रूपमा गरिरहेको छ । स्थानीय तहहरूको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नका लागि ४७४ ओटा स्थानीय तहमा अवधारणा सहित पत्राचार गरिएको थियो । सहकारीमा लाग्दै आएको करसम्बन्धी पैरवीका लागिसमेत बैंकको नेतृत्वले विभिन्न चरणमा छलफल तथा अन्तरक्रियामा सहभागिता सहकारी अभियानका धारणाहरू राखेको थियो । सरकारसँगको पैरवी गर्ने कार्यक्रमहरूको यस वर्षसमेत निरन्तरता दिनका लागि बैंकले कार्यक्रम तय गरेको जानकारी गराउन चाहन्छु । सहकारीसँग सम्बन्धित कानुनलगायत अन्य विषयहरूमासमेत सदस्य संघ-संस्थाको धारणा सङ्कलन गरी सरकारलाई बुझाउने गरी संयन्त्रको विकास गरिएकोसमेत यस गरिमामय सभामा जानकारी गराउँछु ।

### १.७ प्रबुद्ध समूहको गठन

सहकारी क्षेत्र तथा यस बैंकका विविध क्षेत्रहरूमा विशेषज्ञ राय तथा सुझाव लिनका भिन्न भिन्न कार्यप्रकृतिको आधारमा विभिन्न क्षेत्रमा विषयगत दक्षता भएका ११ जना व्यक्तित्वहरूको चयन गरी बैंकले प्रबुद्ध/विद्वत् समूह (Think Tank) का रूपमा गठन गरेको छ । समग्र सहकारी अभियानमा सकारात्मक परिवर्तनका लागि प्रबुद्ध व्यक्तिहरूको विज्ञतालाई समयसापेक्ष प्रयोग गरी समयानुकुल विभिन्न विषयहरूमा सरकारसँगको बहस पैरवी, सहकारी नीति-नियम निर्माण, बैंकका वस्तु तथा सेवाहरूको समयानुकुल परिमार्जनलगायतका कार्यहरूका लागि प्रबुद्ध समूहको विज्ञता र सहयोग प्राप्त गरिनेछ ।

### १.८ स्तरीकरण कार्यक्रम

सहकारी क्षेत्रको गुणात्मक विकासका लागि बैंकले विगतदेखि नै सहकारी स्तरीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । स्तरीकरण कार्यक्रममार्फत सहकारी संस्थाको स्तर मापन गरी स्तरोन्नतिका लागि प्राविधिक सहयोग उपलब्ध गराइन्छ । सहकारीको स्तरोन्नतिका लागि सञ्चालित यस कार्यक्रममा आधारभूत, केयर, स्मार्ट र एक्सेस गरी चार तहमा सहकारीहरूलाई समावेश गराइने गरी कार्यक्रम तय गरिएको छ । जसमध्ये आधारभूत र केयर कार्यक्रम हाल सञ्चालनमा रहेका छन् । आधारभूत तहमा २०७९ असार मसान्तसम्ममा आबद्ध ३,६०७ संस्थामध्ये ९२० को स्तर मापन गरिएको छ भने केयर कार्यक्रममा १०५ संस्थाहरू आबद्ध रहेका छन् ।

### १.९ परामर्श सेवा

बैंकका सदस्य संघ-संस्थाहरूलाई छिटोछरितो माध्यमबाट सहकारीसम्बन्धी विभिन्न विषयका प्राविधिक सेवा उपलब्ध गराउने उद्देश्यले बैंकको टोल फ्री टेलिफोन साथै भर्चुअल माध्यमबाट समेत सञ्चालन गरिएको छ । प्रत्येक शुक्रबारका दिन कुनै एउटा विषय छनोट गरी निःशुल्क परामर्श गर्न सकिने गरी यो सेवा शुभारम्भ गरिएको छ । हालसम्म ७ ओटा परामर्श कार्यक्रमबाट विभिन्न संघ-संस्थाका ८०६ जना लाभान्वित भएका छन् । यो सेवालाई भविष्यमा अझै परिष्कृत गर्दै लैजाने रणनीति लिइएको छ ।

### १.१० सम्मान तथा पुरस्कार

बैंकमा नियमित कारोबार गर्ने संघ-संस्था तथा सहकारी अभियानमा निरन्तर क्रियाशील व्यक्तित्वहरूलाई सम्मानित गर्ने नीतिअनुरूप यस वर्ष पनि सम्मान तथा पुरस्कार कार्यक्रमलाई निरन्तरता दिइएको छ । बैंकको १८औं साधारणसभाबाट परिमार्जन सहित पारित गरिएको सम्मान तथा पुरस्कार कार्यविधिअनुसार पारदर्शी ढङ्गबाट सम्मान तथा पुरस्कार वितरण हुँदै आएको छ । पुरस्कार तथा सम्मानका लागि संस्था छनोट गर्न बैंकले अनलाइन पोर्टल (www.ncbl.coop/prize) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आ.व. २०७८/०७९ मा बैंकद्वारा विभिन्न राष्ट्रिय, प्रदेश र शाखास्तर गरी संघ-संस्था तर्फ १०६, व्यक्तितर्फ ५, बैंक व्यवस्थापनतर्फ ४ जनालाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो ।

### १.११ कोपोमिस सहयोग कार्यक्रम

सहकारी विभागसँगको सहकार्यमा बैंकका सदस्य संस्थाहरूलाई कोपोमिसमा आबद्ध गराउन, कोपोमिससम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउन तथा सहकारी संस्था र सहकारी विभागबीचमा समन्वय गर्नका लागि बैंकले कोपोमिस सहायता डेस्क स्थापना गरी फोकल व्यक्ति तोकेर सहयोग गरिरहेको छ । कोपोमिसमार्फत प्राप्त हुने तथ्याङ्कले सरकार र अभियानलाई व्यवस्थित गर्ने नीतिगत र योजना निर्माणमा सहयोग हुने भएकाले बैंकले सहकारी विभागसँग सहकार्य गरी कोपोमिसका लागि प्राविधिक सहयोग तथा तालिम उपलब्ध गराएको छ । बैंकमार्फत १२५० ओटा संस्थालाई कोपोमिस प्रणालीमा आबद्ध हुनका लागि आवश्यक पर्ने लगइन तथा पासवर्डहरू उपलब्ध गराइएको छ ।

### १.१२ सहकारी बालक्लब गठन र सञ्चालन

विद्यालयस्तरमा अध्ययनरत बालबालिकाहरूमा सहकारी र वित्तीय साक्षरतासम्बन्धी सीप प्रदान गर्नका लागि बैंकको रणनीतिक सोचअनुसार ७ ओटै प्रदेशको ५५ विद्यालयहरूमा बालक्लब गठन गरिएको छ । विभिन्न समयमा सहकारीसम्बन्धी विभिन्न विधामा विद्यालयस्तरमा प्रतियोगिताहरू सञ्चालन गर्दै जाने नीतिअनुरूप गत वर्ष ***वित्तीय साक्षरतामा सहकारीको भूमिका*** विषयक निबन्ध लेखन प्रतियोगितामा ३१ विद्यालयबाट ६८ जना विद्यार्थीले सहभागिता जनाएकोमा विषयविज्ञसहित गठन गरिएको मूल्याङ्कनकर्ताले दिएको मूल्याङ्कनका आधारमा मेचीनगर शाखाअन्तर्गत झापाको कवि शिरोमणि माध्यमिक विद्यालयका विद्यार्थी श्री उषा निरौला प्रथम, तालचोक शाखाअन्तर्गत कास्कीको श्री लक्ष्मी आदर्श माध्यमिक विद्यालयका विद्यार्थी श्री सदिक्षा सुवेदी दोस्रो र बलम्बु शाखाअन्तर्गत काठमाडौंको मङ्गलोदय माध्यमिक विद्यालयका श्री आनन्द महतो तेस्रो र बलम्बु शाखाअन्तर्गत काठमाडौंको मङ्गलोदय माध्यमिक विद्यालयका विद्यार्थी श्री जेशिका श्रेष्ठ र महेन्द्रनगर शाखाअन्तर्गत निङ्लासैनी माध्यमिक विद्यालयका विद्यार्थी श्री रोशनी चन्द सान्त्वना विजेताको रूपमा छनोट हुनुभएको थियो । पुरस्कृत बालबालिकालाई बैंकले नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गरेको छ ।

## १.१३ अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा प्रतिनिधित्व

बैंक सदस्य रहेका विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा प्रतिनिधित्व गरी नेपालको सहकारी अभियानका बारेमा जानकारी दिने र असल अभ्यासहरूका बारेमा विविध जानकारीमूलक सूचनाहरू आदान-प्रदान गर्ने कार्यले निरन्तरता पाएको छ । गत आ.व.मा बैंकबाट अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरूमा भएको प्रतिनिधित्वसम्बन्धी विवरण देहायबमोजिम छ ।

| क्र.सं. | आयोजक | सहभागीको सङ्ख्या |
|---|---|---|
| १ | नाकुफोक कोरिया र एसियाली ऋण महासंघको कार्यक्रम | १ |
| २ | नेडाकअन्तर्गतका कार्यक्रमहरू | २ |
| ३ | सिक्ट्याबअन्तर्गतका कार्यक्रमहरू | ५ |
| ४ | अन्तर्राष्ट्रिय सहकारी महासंघका कार्यक्रमहरू | ९ |
| ५ | एसियाली ऋण महासंघका कार्यक्रमहरू | २ |

# स्तम्भ २: गुणस्तरीय वित्तीय सेवा

## २.१ आन्तरिक सञ्जाल एवम् शाखा विस्तार

बैंकले आ.व. २०७७/०७८ सम्म कुल ६८ ओटा शाखा सञ्चालनको स्वीकृति प्राप्त गरेकोमा आ.व. २०७८/०७९ मा थप शाखा कार्यालयहरू स्थापनाका लागि राष्ट्र बैंकसँग समन्वय गरे तापनि स्थलगत अध्ययन र निरीक्षणकै क्रममा रहेका कारण गत आ.व.मा थप शाखा सञ्चालनको अनुमति प्राप्त भएन । बैंकले प्रदान गर्दै आइरहेको सेवामा सहज पहुँच विस्तारका लागि शाखा कार्यालयहरू स्थापना गर्दै जाने लक्ष्यअन्तर्गत चालू आ.व.मा २५ ओटा थप शाखा, उपशाखा तथा सेवाकेन्द्र सञ्चालन अनुमतिका लागि तयारी गरिएको छ । साथै बैंकले आफ्नो केन्द्रीय कार्यालयबाट प्रदान गर्ने सेवाको गुणस्तर वृद्धि गर्न काठमाडौं टेकुमा रहेको बैंकको आफ्नै जग्गामा केन्द्रीय कार्यालय भवन निर्माणार्थ प्रक्रिया अगाडि बढाइएको छ । यस चालू आ.व.मा अरनिको डिजाइनर एन्ड प्लानर प्रा.लि. काठमाडौंमार्फत भवनको डिजाईन तथा नक्सा र लागत इस्टिमेसन सम्पन्न गरी भवन निर्माण कार्यारम्भ गरिने योजना छ ।

## २.२ सदस्यहरूको आर्थिक सहभागिता

बैंकले विगतका वर्षहरूमा सदस्यहरूको शेयर लगानीमा उच्च प्रतिफल दिंदै आएको छ भने यसका अतिरिक्त संरक्षित पुँजी फिर्ता कोषमार्फत लाभको समुचित वितरणसमेत गरिरहेको छ । विगतका वर्षहरूमा जस्तै आ.व. २०७८/०७९ मा १५ प्रतिशत का दरले लाभांश प्रदान गर्न प्रस्ताव गरिएको छ । साथै, सदस्यहरूको आ.व. २०७७/०७८ को कारोबारको आधारमा सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुरूप सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम बाँडफाँट गर्ने कार्य गरिएको छ, जसबाट बचत र कर्जा कारोबार गर्ने १३ हजार ७ सय १२ सदस्य संघ-संस्थाहरू लाभान्वित भएका छन् । बचततर्फ अधिकतम् ५६ लाख ५२ हजार रुपैयाँ र कर्जातर्फ अधिकतम् रू. १३ लाख ७८ हजार रुपैयाँसम्म प्राप्त गरेका छन् । रू. ५० हजारभन्दा बढी संरक्षित पुँजी फिर्ता कोष रकम प्राप्त गर्ने संघ-संस्थाहरू ६९९ रहेका छन् ।

## २.३ बैंकको निक्षेप परिचालन

### सदस्य संघ-संस्थाबाट सङ्कलित बचत-निक्षेप मिश्रण विवरण

| क्र.सं. | बचत मिश्रण | रकम रू. | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित | १४१,६५२,१८१ | ०.२८% |
| २ | आवधिक | १४,६५४,४७६,३२२ | २८.९१% |
| ३ | ऐच्छिक | ३५,८८९,९३०,३२८ | ७०.८१% |

बैंकको निक्षेप मिश्रणमा ऐच्छिक बचतको अनुपात तुलनात्मक रूपमा बढिरहेकाले अनुपात सन्तुलनका लागि चालू आर्थिक वर्षदेखि नियमित बचतलाई प्राथमिकतामा राखिएको छ साथै सदस्य संघ-संस्थाहरूलाई आफूले पनि नियमित बचत सङ्कलनमा जोड दिन र बैंकको नियमित बचतमा सक्रिय सहभागिताका लागि अनुरोध छ । हाल बैंकले देहायका ९ प्रकारका बचतका सेवाहरू (Deposit Product) प्रदान गरिरहेको छ ।

| क्र.सं. | बचत सेवा |
|---|---|
| १ | साधारण बचत |
| २ | विशेष बचत |
| ३ | सुपर बचत |
| ४ | एनसिबिएल समुन्नत बचत |
| ५ | एनसिबिएल प्रिमियम बचत |
| ६ | अनिवार्य नियमित बचत |
| ७ | क्रमिक बचत |
| ८ | मुद्दती निक्षेप |
| ९ | एनसिबिएल समृद्धि मुद्दती खाता |

## २.४ प्रदेशगत निक्षेप परिचालनको विवरण

| प्रदेश | बचत रकम रू. | प्रतिशत |
|---|---|---|
| प्रदेश नं. १ | ५,०७२,०९१,६०९ | १०.०१% |
| मधेस प्रदेश | २,८९९,६१६,७०२ | ५.७२% |
| बागमती प्रदेश | ३१,१४२,७३१,०२० | ६१.४४% |
| गण्डकी प्रदेश | ५,४१४,१७९,७५७ | १०.६८% |
| लुम्बिनी प्रदेश | ४,१८३,२७३,२२८ | ८.२५% |
| कर्णाली प्रदेश | ८५५,२८९,१८३ | १.६९% |
| सुदूरपश्चिम प्रदेश | १,११८,८७७,३३४ | २.२१% |
| जम्मा | ५०,६८६,०५८,८३४ | १००.००% |

*शाखाको वितरणअनुसार*

## २.५ क्षेत्रगत कर्जा लगानी सम्बन्धमा

हाल बैंकले सदस्य संस्थालाई १९ ओटा कर्जाका सेवा (Loan Product) प्रदान गरिरहेको छ । आ.व. २०७८/०७९ मा सदस्यहरूको समयानुसारको माग र आवश्यकतालाई मध्यनजर गर्दै बैंकले २ ओटा नयाँ कर्जाको प्रोडक्टसमेत सुरुआत गरेको छ । बैंकमा कर्जा उपभोग गर्ने संस्थाहरू सङ्ख्या २८५२ रहेको छ । उत्पादनशील क्षेत्रमा बैंकले १० ओटा प्रोडक्टमार्फत कुल कर्जाको ५३.०३ प्रतिशत लगानी गरेको छ ।

| क्र.सं. | कर्जा शीर्षक | रकम रू. (हजारमा) |
|---|---|---|
| १ | चालू पुँजी कर्जा | ५,१३१,९०८ |
| २ | अल्पकालीन ब्यावसायिक कर्जा | २,३५९,०४७ |
| ३ | किस्ताबन्दी कर्जा | ७,४७२,०९० |
| ४ | ब्यावसायिक किस्ताबन्दी कर्जा | ५,०२०,४१२ |
| ५ | तरलता ब्यवस्थापन कर्जा | १६८,२५० |
| ६ | हायरपर्चेज कर्जा | १६,९०६ |
| ७ | घरघडेरी तथा भवन निर्माण कर्जा | ९५१,५२५ |
| ८ | कृषि तथा कृषि परियोजना कर्जा | १००,६८८ |
| ९ | मुद्दती रसिद धितो कर्जा | २,२१८,३६१ |
| १० | लघुवित्त कर्जा | १,६०९,७६६ |
| ११ | गरिबी निवारण कर्जा | ५,५१२,०२० |
| १२ | युवा स्वरोजगार कर्जा | २,३२६ |
| १३ | परियोजना कर्जा | २,७११ |
| १४ | दिगो सहकारी कर्जा | ३,५४३,०८० |
| १५ | सबल सहकारी कर्जा | ३,०७७,५७२ |
| १६ | साना तथा मझौला सदस्य कर्जा | १,३७१ |
| १७ | कोभिड चालू पुँजी कर्जा | ३३,४०८ |
| १८ | परियोजना कर्जा अन्य | २९,२९३ |
| १९ | पर्यटन प्रवर्द्धन कर्जा | ७,००४ |
| | जम्मा | ३७,२५७,७३८ |

## २.६ कर्जा लगानीको प्रदेशगत विवरण

| प्रदेश | कर्जा रकम (रू.) | प्रतिशत |
|---|---|---|
| प्रदेश नं. १ | ५,२१९,५१०,८५३ | १४.०१ |
| मधेस प्रदेश | २,२२९,१८५,०२२ | ५.९८ |
| बागमती प्रदेश | २३,५२४,३३५,७९४ | ६३.१४ |
| गण्डकी प्रदेश | १,७७०,०८८,२६० | ४.७५ |
| लुम्बिनी प्रदेश | २,४८७,६७९,३६९ | ६.६८ |
| कर्णाली प्रदेश | १,०००,४४०,७३७ | २.६९ |
| सुदूरपश्चिम प्रदेश | १,०२६,४९७,८५१ | २.७६ |
| जम्मा | ३७,२५७,७३७,८८६ | १००.०० |

*शाखाको वितरणअनुसार*

## २.७ ब्याजदरमा सहुलियत

अपाङ्ग, दलित र महिलाद्वारा सञ्चालित सदस्य सहकारी संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत छुट प्रदान गरिने व्यवस्था रहेको छ । गत आ.व.मा यस्तो सहुलियत प्राप्त गर्ने संस्थाको सङ्ख्या ९० छ भने कर्जा लगानी रकम रू. ३२ करोड ९७ लाख रहेको छ ।

## २.८ ग्रिन कार्डमार्फत कर्जामा सहुलियत

बैंकको कर्जा कार्यविधिअनुसार यस बैंकबाट कर्जा लिई तोकिएको समयमा कर्जाको साँवा ब्याज नियमित भुक्तानी गर्ने संघ-संस्थालाई असल ऋणी कार्ड (ग्रिन कार्ड) वितरण गर्ने व्यवस्था भएबमोजिम हालसम्म सो कार्ड ६ ओटा संस्थालाई वितरण गरिएको छ । उक्त कार्ड प्राप्त गर्ने संस्थाहरूलाई तोकिएको ब्याजदरमा ०.५ प्रतिशत छुट प्रदान गरिएको छ ।

# स्तम्भ ३: संस्थागत विकास तथा सुशासन

## ३.१ आन्तरिक नियन्त्रण प्रणाली र सुशासन

नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थालाई जारी निर्देशनबमोजिम बैंकले आफ्नो काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि बैंकका सञ्चालकको नेतृत्वमा देहायबमोजिमका उपसमिति गठन भई कार्य हुँदै आएका छन् ।

| क्र.सं. | उपसमितिको नाम |
|---|---|
| १ | जोखिम व्यवस्थापन उपसमिति |
| २ | कर्मचारी सेवा-सुविधा उपसमिति |
| ३ | सम्पत्ति शुद्धीकरण निवारण उपसमिति |
| ४ | लघुवित्त तथा उद्यम उपसमिति |
| ५ | व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उपसमिति |
| ६ | लैङ्गिक समानता उपसमिति |
| ७ | सूचना सञ्चार प्रकाशन तथा प्रविधि उपसमिति |
| ८ | शिक्षा तालिम तथा सम्मान उपसमिति |
| ९ | नीति-निर्माण, कार्यक्रम, सम्पत्ति तथा दायित्व उपसमिति |
| १० | घरेलु तथा साना उद्योग विकास उपसमिति |

## ३.२ बैठक सम्बन्धमा

बैंकको आ.व. २०७८/०७९ मा सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति बैठकको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | समिति | बैठक सङ्ख्या | समग्र उपस्थिति % |
|---|---|---|---|
| १. | सञ्चालक समिति | १२ | ९७.३९ |
| २. | लेखासुपरिवेक्षण समिति | ५ | १०० |

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ राख्नका लागि बैंकले ४४ ओटा आन्तरिक कार्यविधिहरूलाई कार्यान्वयनमा ल्याएको छ ।

बैंकको सुशासन र पारदर्शिताका लागि प्रत्येक चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । आन्तरिक लेखापरीक्षणलेऔंल्याएका विषयहरूलाई गम्भीरतापूर्वक लिंदै सञ्चालक समिति र व्यवस्थापनले आ-आफ्नो तर्फबाट सम्पन्न गर्नुपर्ने कार्यहरू कार्यान्वयन गरेको छ ।

## ३.३ नियामकीय सुपरिवेक्षणसम्बन्धी जानकारी

गत आ.व.को पहिलो त्रैमासमा नेपाल राष्ट्र बैंकले यस बैंकको स्थलगत सुपरिवेक्षण गरी विस्तृत विवरण प्रदान गरेकोमा सुपरिवेक्षकीय आधारमा सहकारी बैंकमा कुनै जोखिमपूर्ण कैफियत नरहेको अवगत गराउन चाहन्छु । गत आ.व. बाटै राष्ट्र बैंकले सहकारी बैंकसहित अन्य वित्तीय कारोबारमा संलग्न संस्थाहरूको सुपरिवेक्षणका लागि गैरबैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग गठन गरी सोही विभागमार्फत सुपरिवेक्षकीय कार्यहरू हुँदै आएको छ । साथै गत आ.व.मा सहकारी विभागबाट यस बैंकको स्थलगत निरीक्षण नभएको जानकारी गराउँछु ।

### ३.४ जनशक्ति व्यवस्थापन तथा दक्षता अभिवृद्धि

आर्थिक वर्ष २०७८/०७९ सम्म बैंकमा स्थायी र करार गरी कुल कर्मचारीको सङ्ख्या ३६० जना रहेको छ । त्यसमध्ये १८ जना शाखा प्रमुखसहित महिला कर्मचारीको सङ्ख्या १०९ जना रहेको छ । जसअन्तर्गत जम्मा २८ जना महिलाहरू अधिकृत तहमा कार्यरत रहेका छन् । बैंकको सदस्यलाई प्रदान गर्ने सेवाका लागि विभिन्न तहमा गरी ९२ जना नयाँ कर्मचारीहरू आ.व. ०७८/०७९ नियुक्त गरिएको थियो । कर्मचारी छनोट, सरुवा र बढुवा तथा वृत्ति विकासमा बैंकले पारदर्शी नीति बनाई लागू गरेको छ । व्यवस्थापनको दक्षता एवम् व्यावसायिकता अभिवृद्धिका लागि बैंकले गत आर्थिक वर्षमा विभिन्न विषयमा सञ्चालन गरेको २२ ओटा कर्मचारी तालिम कार्यक्रममा ६६१ जनाको सहभागिता रहेको थियो ।

### ३.५ करमा योगदान

विगतका वर्षहरूमा ३ पटकसम्म सहकारी क्षेत्रमा सबैभन्दा बढी कर तिरेबापत राजस्व विभागबाट सम्मानित यस बैंकले आ.व. २०७८/०७९ मा नेपाल सरकारलाई बुझाउनुपर्ने आयकर तथा विभिन्न शीर्षकका अग्रिम करहरू (TDS) देहायबमोजिम दाखिला तथा भुक्तानी गरेको छ ।

*रकम रू.*

| क्र.सं. | कर शीर्षक | आ.व. २०७८/०७९ | आ.व. २०७७/०७८ | आ.व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | आयकर | १०८,७४९,७३७ | १०६,९५३,७६६ | ८१,६२९,९०० |
| २ | ब्याजकर | ४४९,७४७,१३० | ४०२,२३८,३९३ | ३६०,९६५,७५६ |
| ३ | कर्मचारी पारिश्रमिक कर | ४७,१३८,९३६ | २१,११२,२७७ | २०,९८४,७४५ |
| ४ | घरबहाल कर | ४,२६८,४४१ | ३,४६३,६२० | २,१२१,८७५ |
| ५ | अन्य TDS रकमहरू | ३१,९९०,८८५ | २३,५५६,०४५ | १६,३२८,६०२ |

### ३.६ सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन पालना

सहकारी विभागबाट जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ-संस्थाहरूलाई जारी निर्देशन, २०७६ कार्यान्वयनका लागि बैंकले आवश्यक व्यवस्था मिलाएको छ । सोही निर्देशन अनुरूप बैंकले आफ्नो कार्यविधि तयार गरी अनुपालना अधिकृतको व्यवस्था गरी सो को जानकारी वित्तीय जानकारी इकाइमा नियमित सम्प्रेषण गरिएको छ । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न बैंकको सञ्चालक सम्मिलित सम्पत्ति शुद्धीकरण निवारण व्यवस्थापन उपसमिति गठन गरिएको छ । उक्त उपसमितिले बैंकमा रहेको सदस्यको कारोबार जोखिमको स्तर निर्धारण गर्ने, AML/CFT को जोखिम व्यवस्थापनसम्बन्धी छलफल गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका आतङ्कवादी गतिविधि र त्यसले बैंक र सहकारी क्षेत्रमा पार्न सक्ने प्रभाव एवम् जोखिमको विश्लेषण गर्ने गरेको छ । साथै निर्देशनबमोजिम बैंकले नियमित रूपमा तोकिएका प्रतिवेदनहरू वित्तीय जानकारी इकाइ र नियामक निकायमा पेस गर्ने गरेको व्यहोरा यस गरिमामय साधारणसभासमक्ष अवगत गराउँछु ।

### ३.७ संस्थागत प्रतिनिधित्व

यस बैंकका अध्यक्ष श्री केबी उप्रेती बैंकको निर्णयबाट संस्थागत रूपमा मनोनयन भई २०७६ पुस २५ गतेबाट राष्ट्रिय सहकारी महासंघमा सञ्चालककका रूपमा रहनुभएको छ । साथै, बैंक सदस्य रहेको अन्तर्राष्ट्रिय निकाय Network for the Regional Development of Agricultural Cooperatives in Asia and the Pacific (NEDAC) को उपाध्यक्ष पदमासमेत बैंकको तर्फबाट मनोनयन भई सेवा गर्दै आउनुभएको छ । उक्त संस्थामा भएको मनोनयनले बैंकलाई भविष्यमा कुनै पनि दायित्व वहन गर्नुपर्ने छैन ।

# स्तम्भ ४ : नवीनतम सूचना प्रविधि तथा प्राविधिक सेवा

## ४.१ प्रविधिमा लगानी र प्रयोग

बैंकिङ क्षेत्रमा प्रविधिको प्रयोग बढेसँगै यस बैंकले आफ्ना व्यावसायिक गतिविधिहरूलाई छिटो-छरितो र सुरक्षित राख्नका लागि विभिन्न प्रकारका प्रविधिमा लगानी गरेको छ । बैंकको आन्तरिक प्रयोजन र सदस्य संस्थाहरूको सबलीकरणका लागि प्रविधिमा लगानी गर्ने रणनीतिअन्तर्गत वार्षिक बजेटसमेत विनियोजन गरीएको छ ।

## ४.२ प्रविधिमार्फत आन्तरिक सबलीकरण

बैंकिङ सेवालाई अझै आधुनिक र चुस्त-दुरूस्त बनाउनका लागि हाल प्रयोगमा आइरहेको Core Banking System को स्तर वृद्दि गर्न सञ्चालक समितिबाट निर्णय भई कार्यान्वयनको प्रक्रिया अघि बढाइएको छ । बैंकले कर्जा व्यवस्थापनको प्रक्रियालाई प्रविधिमैत्री बनाउन Loan Management System को पूर्ण कार्यान्वयन गरी कर्जा व्यवस्थापनलाई स्वचालित (Automation) बनाइएको छ । यस प्रणालीको प्रयोगबाट कर्जा आवेदन, विश्लेषण तथा प्रवाह स्वचालित हुने हुँदा मानवीय त्रुटिरहित, छिटो-छरितो र व्यवस्थित भएको छ ।

मानव संशाधन व्यवस्थापनका लागि बैंकले Human Resource Information Management System प्रयोग गरिरहेको छ । यस प्रणालीमार्फत कर्मचारीको नियुक्ति, हाजिरी, बिदा, तलब, कर, अवकाशलगायतका अभिलेखीकरण तथा विश्लेषणात्मक कार्यहरू सम्पादन हुँदै आएको छ । कार्यालयमा दैनिक कार्यसम्पादनका लागि Microsoft Office 365 प्रणालीको प्रयोग गर्रिदै आएको छ । यस प्रणालीको प्रयोगमार्फत इमेल व्यवस्थापन, कर्मचारीका लागि छुट्टै Cloud Storage, अन्तर कार्यस्थल समन्वय (Internal Workspace Collaboration) लगायतका कार्यहरू सहज रूपमा सम्पादन हुँदै आएको छ ।

गत आ.व.बाट बैंकका आन्तरिक तथ्याङ्कहरूको विश्लेषणमार्फत निर्णयहरू लिनका लागि स्वचालित व्यवस्थापन सूचना प्रणाली (Management Information System) को प्रयोग हुँदै आएको छ । Microsoft Power Bi मार्फत प्रशोधन गरिएका विविध तथ्याङ्कहरू बैंक व्यवस्थापनले दैनिक प्रयोग गर्दै आएको छ ।

बैंकको भौतिक सम्पत्ति व्यवस्थापनका लागि Assets Management System, सदस्यता व्यवस्थापनका लागि Share Management System, आन्तरिक डकुमेन्टहरूको अन्तर कार्यालय स्थानान्तरणका लागि File Transfer Protocol, सदस्य पुरस्कार तथा सम्मानका लागि स्वचालित Prize Management System र व्यवसाय प्रवर्द्धनका लागि Integrated Marketing Management System हरूको कार्यान्वयन भइरहेको छ ।

बैंकले प्रयोग गरिरहेको सम्पूर्ण प्रविधिहरूको सुरक्षाका लागि Information Security Officer नियुक्ति गरी बैंकको Core Banking System, Applications तथा नेटवर्कलाई थप सुरक्षित गराउन ३६५ दिन, २४सै घण्टा बैंकका तथ्याङ्कहरू सुरक्षित राख्ने गरी कार्य गर्नुका साथै Managed Security Information & Event Management with Security Operations Center, स्थापना गरी कार्य गर्नुका साथै Vulnerability Assessment & Penetration Testing र Information System Audit जस्ता प्राविधिक कार्यहरू वार्षिक रूपमा अगाडि बढाइएको छ । साथै बैंकका कर्मचारीहरूलाई नियमित रूपमा साइबर सुरक्षासम्बन्धी तालिम दिने गरिएको छ ।

## ४.३ प्रविधिमार्फत सदस्य सबलीकरण

बैंकको २०औं स्थापना दिवसको अवसरमा स्मार्ट च्वाइस टेक्नोलोजी र ग्लोबल आइएमई बैंकसँगको सहकार्यमा सदस्य सहकारी संस्थाहरूले आफ्ना व्यक्तिगत सदस्यहरूका लागि एटिएम कार्डको सेवा प्रदान गर्नका लागि आवश्यक पूर्वाधारसहित सेवा शुभारम्भ गरिएको छ । बैंकका सदस्य संस्थाहरूले COOP CARD ब्रान्डमा आफ्ना सदस्यहरूलाई Debit Card प्रदान गर्न सक्नेछन् ।

भौगोलिक पहुँचका आधारमा बैंकको शाखा कार्यालयबाट टाढा रहेका सदस्य संस्थाहरूलाई लक्षित गरी बैंकले Remote Fund Transfer System प्रयोगमा ल्याइएको छ ।

बैंकको २०औं स्थापना दिवसको अवसरमा सहकारी क्षेत्रमा शिक्षामूलक तथा जानकारीमूलक सामग्रीहरू एकै ठाउँबाट प्राप्त गर्न सकिने गरी विद्युतीय पुस्तकालय (E-library) को शुभारम्भ गरेको छ । यस पुस्तकालयमा तिनै तहका सहकारी ऐनहरू, श्रव्यदृश्य सामग्रीहरू, विविध कानुनहरू, एक्सेल टेम्प्लेट, नमुना कार्यविधि, लेख-रचनाका साथै विविध जानकारीमूलक सामग्रीहरू रहेका छन् ।

स्तरीकरण कार्यक्रमअन्तर्गत आधारभूत (BASIC) तहको मूल्याङ्कनका लागि वेवमा आधारित (web based) स्वचालित प्रणालीको प्रयोग गरिएको छ । यस प्रणालीमा सहकारी संस्थाले आफ्ना वित्तीय तथा गैरवित्तीय तथ्याङ्कहरू प्रविष्ट गरेपछि स्वचालित रूपमा सहकारीको स्तर पहिचान गर्दछ । यो प्रणाली बैंकले निःशुल्क उपलब्ध गराएको छ । साथै आवश्यकताअनुसार सदस्य संस्थाहरूका लागि साइबर सुरक्षासम्बन्धी तालिमहरू पनि प्रदान गरिएको छ ।

बैंकले सदस्य संस्थालाई इन्टरनेट बैंकिङ, एसएमएस एलर्ट सेवा उपलब्ध गराउँदै आएको छ । साथै चालू आ.व.मा अन्तरसहकारी तथा अन्तरबैंक रकमान्तर (Inter Bank and Inter Cooperative Fund Transfer), QR Code मा आधारित भुक्तानी सेवा प्रदान गर्ने लक्ष्य राखिएको छ ।

***उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,***

२०७९ असार मसान्तको वित्तीय विवरणको आधारमा प्रमुख वित्तीय अनुपात तथा बैंकको विगत ५ वर्षको वित्तीय गतिविधिहरूको समग्र अवस्थाको विवरण देहायबमोजिम रहेको छ ।

**२०७९ असार मसान्तको वित्तीय विवरणहरूका प्रमुख अनुपातहरू**

| | |
|---|---|
| कर्जा निक्षेप अनुपात | ७१.७५% |
| तरलता अनुपात (नेपाल राष्ट्र बैंकको तरलता गणना विधिअनुसार) | २३.७१% |
| कुल सम्पत्तिमा आय अनुपात | १.७१% |
| कुल पुँजीमा आय अनुपात | २२.३३% |
| अनिवार्य नगद अनुपात | ०.५२% |
| जोखिम भारित सम्पत्तिमा पुँजी पर्याप्तता अनुपात | १३.३९% |
| औसत सम्पत्तिको अनुपातमा सञ्चालन खर्चको अनुपात | १.१९% |

उपर्युक्त विश्लेषणात्मक सूचकहरूका आधारमा हेर्दा समग्रमा बैंकको वित्तीय व्यावसायिक क्रियाकलापहरू नियामकीय प्रावधानअनुरूप रहेका छन् ।

## विगत ५ वर्षको बैंकको वित्तीय अवस्थाको तुलनात्मक प्रस्तुति

### क) गत ५ वर्षको सम्पत्ति दायित्वको तुलनात्मक विश्लेषण

*रकम रू.*

| शीर्षक | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| कुल सम्पत्ति | २२,०८२,७६५,८१४ | ३०,८७२,६७०,७३४ | ५१,०१०,५६५,६१७ | ७१,६९४,३६४,९१८ | ५७,८७४,०६३,२६३ |
| कुल पुँजीकोष | १,५८७,२३८,७७० | २,५७६,२३९,७७५ | ३,५६२,४५३,०५३ | ४,८१८,९४६,२०७ | ५,४२३,५२७,३२२ |
| कुल निक्षेप | १९,९६२,९८८,७०९ | २७,९७८,१२५,३११ | ४६,८८३,०६०,८६१ | ६६,३४२,०१९,६९५ | ५०,६८६,०५८,८३४ |
| कर्जा तथा सापटी | १२,४४८,५२६,२२४ | १९,०२२,०११,४२२ | २६,७८०,६६८,३१८ | ३५,२४३,८३०,८७६ | ३६,३६८,३७९,२७८ |
| निष्क्रिय कर्जा | ३५४,३३६,०५४ | २६२,४०३,७७९ | १९१,३२६,१७४ | ५००,५५२,२६२ | ७६७,१०२,३१४ |
| खुद मुनाफा | २८८,९७४,५९२ | ४९९,०२८,६१४ | ७६४,०८१,८५६ | ९५५,५९५,८३८ | ९८९,३९७,३६६ |
| पुँजी पर्याप्तता अनुपात (प्रतिशत) | ९.२३ | १०.८२ | ८.२४ | ८.९१ | १३.३९ |

## ख) गत ५ वर्षको तुलनात्मक सञ्चालन प्रदर्शन (Operating Performance) को विश्लेषण

*रकम रू.*

| शीर्षक | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| खुद व्याज आय | ६९६,३४०,२६३ | ९२२,२६०,९७२ | १,१०८,१७३,०१२ | १,७३८,८३३,००५ | १,९१५,०९७,०४६ |
| कुल सञ्चालन आय | ८००,१४५,९०४ | १,०८९,४५१,०२९ | १,२४३,०९३,५२५ | १,८८३,९२१,५८६ | २,००२,४२३,८६० |
| अन्य सञ्चालन खर्च | ८७,००३,०१९ | १३६,२८६,३३२ | १२४,८३४,५०४ | १४९,३३२,१८० | १६६,२६२,५७० |
| कर्मचारी खर्च | १३०,४५७,११७ | १८९,००२,६७६ | ३०३,५०४,०९१ | ३६१,२४३,९०० | ४४६,५०२,३०१ |
| करअघिको सञ्चालन नाफा | ४०७,९७९,८९० | ६८६,५५५,२१३ | ८५६,८३५,८२१ | १,०६४,३२२,८१३ | १,०९७,४६५,६१५ |
| आयकर खर्च | ७४,१७८,१६२ | ६३,४२३,३९४ | ९२,७५३,९६६ | १०८,७२६,९७६ | १०८,०६८,२४९ |
| **खुद नाफा** | २८८,९७४,५९२ | ४९९,०२८,६१४ | ७६४,०८१,८५६ | ९५५,५९५,८३८ | ९८९,३९७,३६६ |

***उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,***

बैंकको आ.व. २०७८/०७९ मा पारित कार्यक्रमहरू र तिनको प्रगति विवरण निम्नबमोजिम रहेको छ ।

**आ.व. २०७८/०७९ को लक्ष्य र प्रगति विवरण**

| क्र.सं. | आ.व २०७८/०७९ को पारित कार्यक्रम | प्रगति विवरण |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७८/०७९ का लागि तय गरिएको वित्तीय लक्ष्य प्राप्तिलाई बैंकको प्रमुख प्राथमिकताप्राप्त कार्यक्रमका रूपमा लिइएको छ । | बैंकको प्रमुख प्राथमिकता प्राप्त कार्यक्रमअन्तर्गत वित्तीय सेवालाई निरन्तरता दिइएको छ । यद्यपि गत आ.व.मा आर्थिक क्षेत्रका कतिपय घटना परिघटनाहरूका कारण बैंकको वित्तीय सेवालाई लक्ष्यअनुरूप प्रवाह गर्न सकिएको थिएन । |
| २ | वित्तीय लक्ष्य प्राप्तिका लागि वित्तीय बजारका सूचकका आधारमा निक्षेप तथा कर्जा व्यवसाय विस्तारका लागि राष्ट्रियस्तरमा विभिन्न बजारीकरण अभियान सञ्चालन गरीनेछ । | निक्षेप सङ्कलन राष्ट्रिय अभियान, सदस्य अभिमुखीकरण राष्ट्रिय अभियान, सदस्य वृद्धि राष्ट्रिय अभियान गरी बजारीकरणसँग सम्बन्धित ३ ओटा कार्यक्रमहरू सञ्चालन गरिएको थियो । बचत वृद्धिका लागि यी रणनीतिहरूको परिणाम सकारात्मक देखिएको छ । |
| ३ | बैंकको मानव संशाधनको, दक्षता अभिवृद्धिका लागि आवश्यकताका आधारमा ज्ञान तथा सीप विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । | बैंकको मानव संसाधनको विकास र दक्षता अभिवृद्धिका लागि २२ ओटा प्रशिक्षणमार्फत ६६१ जना कर्मचारीहरूलाई सहभागी गराइएको छ । |
| ४ | सहकारी संघ-संस्थाको सुदृढीकरण, व्यावसायिकता तथा संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम शिक्षा एवम् सूचना सेवा प्रवाह गरिनेछ । | बैंकले आफ्ना सदस्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएकोमा गत आ.व. भरिमा सदस्य संस्थाहरूका लागि सञ्चालित ३५४ ओटा शिक्षा तालिम तथा अन्तरक्रिया कार्यक्रमहरूमा २४९२४ जनाको सहभागिता रहेको थियो । |
| ५ | दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी सहकारीमा युवा तथा महिलाको गुणस्तरीय सहभागिता विकासका लागि गोष्ठी सञ्चालन गरीनेछ । | दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी पाँचौं लक्ष्य महिला समानतामा केन्द्रित रही बैंकले आ.व. ०७८/०७९ मा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ६८ ओटा शाखामा *सहकारीमा महिला र युवाको गुणस्तरीय सहभागिता विषयक लघु गोष्ठीको* आयोजना गरेको थियो, जसमा १३८० जना महिला व्यवस्थापकहरूको सहभागिता रहेको थियो भने महिला दिवसका अवसरमा सहकारी संस्थामा टेलरमा कार्यरत युवा कर्मचारीहरूसँगको अनुभव आदानप्रदान कार्यक्रममा सबै शाखाअन्तर्गतका सदस्य संस्थाहरूबाट १६९५ जनाको सहभागिता रहेको थियो । |
| ६ | कर्जा विश्लेषण प्रक्रियालाई विकास गरिएको प्रणाली Loan Management System (LMS) यस आर्थिक वर्षदेखि कार्यान्वयन गरिनेछ । | कर्जा विश्लेषण प्रक्रियाका लागि विकास गरिएको Loan Management System (LMS) पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ । यस प्रणालीमार्फत बैंकको समग्र कर्जा व्यवस्थापनलाई स्वचालित बनाइएको छ । |
| ७ | जोखिम न्यूनीकरणका लागि कर्जा सूचना प्रणालीको सुरुवातसमेत यसै आर्थिक वर्षबाट गरिनेछ । बैंकको एकीकृत जोखिम व्यवस्थापन प्रणालीको विकास गरी लागू गरीनेछ । | सहकारी बैंकले कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरेको गरी केन्द्रसँग तथ्याङ्क आदान प्रदान गर्ने कार्यलाई अगाडि बढाइएको छ । यसका अलावा बैंकको जोखिम व्यवस्थापनका लागि एकीकृत जोखिम व्यवस्थापन प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ । |

| | | |
|---|---|---|
| ८ | मूल्य शृङ्खलाको समेत विकास गर्ने खालका उत्पादनशील क्षेत्रमा सञ्चालन हुने नमुनायोग्य परियोजनामा लगानी गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । | सहकारीको मूल्य शृङ्खलामा आधारित कुनै एउटा उत्पादनशील क्षेत्रमा लगानीका लागि गण्डकी प्रदेशस्तरीय छलफल कार्यक्रम सम्पन्न गरिएको छ । मूल्य शृङ्खलामा आधारित उत्पादनशील क्षेत्रमा लगानी गर्ने परियोजना अध्ययनकै क्रममा रहेको छ । |
| ९ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय नियोगहरूबाट सस्तो दरका कर्जाहरू प्राप्त गर्न आवश्यक पहल गरिनेछ । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय नियोगहरूबाट सस्तो दरका कर्जा प्राप्तिका लागि प्रदेश सरकार, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)लगायतका निकायहरूसँग समन्वय भइरहेको छ । |
| १० | केन्द्रीय कार्यालयको स्थानान्तरण तथा बैंकको आफ्नै भवन निर्माण कार्यलाई प्राथमिकता राखिएको छ । | सहकारी बैंकको भवन निर्माणका लागि काठमाडौंको टेकुमा जग्गा खरिद गरिएकोमा डिजाइनर छनोट गरी भवनको विस्तृत डिजाइनको क्रममा रहेको छ । |
| ११ | नेपालका सम्पूर्ण सहकारी संघ-संस्था एवम् सदस्यहरूलाई विद्युतीय माध्यमको प्रयोग गरी रकमान्तर सेवा (Fund Transfer) उपलब्ध गराइनेछ । | बैंकका सदस्य संस्थाहरूका लागि रकमान्तर सेवा सुचारू गरिएको छ । विशेष गरी भौगोलिक हिसाबले बैंकको पहुँच नपुगेको स्थानमा Remote Fund Transfer System को विकास गरी कार्यान्वयनमा ल्याइएको छ । |
| १२ | बैंकको कोर बैंकिङ सफ्टवेयरलाई परिवर्तन/स्तरोन्नति गरी नयाँ प्रविधिमा आधारित कोर बैंकिङ सफ्टवेयरमार्फत बैंकिङ कारोबार सञ्चालन गरिनेछ । | कोर बैंकिँग सफ्टवेयर परिवर्तनका लागि बोलपत्र आह्वान गरिएकोमा प्राप्त आवेदनहरूमध्येबाट सेवाप्रदायक छनोटको चरणमा रहेको छ । |
| १३ | बैंकको Enterprise Resources Planning (ERP) तथा Management Information System (MIS) को विकास तथा स्तरोन्नति गरिनेछ । | बैंकको ERP र MIS का लागि माइक्रोसफ्ट कम्पनीका विविध सफ्टवेयरहरू खरिद गरी दैनिक कार्य सञ्चालनमा प्रयोग गरिएको । |
| १४ | Branchless Banking सम्बन्धी आवश्यक अध्ययन गरी सञ्चालनका लागि नियामक निकायसँग पहल गरिनेछ । साथै क्लियरिङ हाउसको सदस्यता, NCBL REMIT को सञ्चालनका लागि देखिएका नीतिगत समस्या हटाउनका लागि आवश्यक पहललाई निरन्तरता दिइनेछ । | शाखारहित सेवा व्यवस्थापनका लागि नियामकीय प्रावधान, बैंकको व्यावसायिक योजनालगायतका विषयहरू हाल अध्ययनकै चरणमा रहेको छ । नियामकीय प्रावधान प्रस्ट नभएका कारण यी सेवाहरू प्रदान गर्न सकिएको छैन र बैंकको रणनीतिक योजनाले यी सेवाहरूलाई प्राथमिकता दिएको छ । |
| १५ | नियमित कार्यक्रमअन्तर्गत थप अन्य प्राथमिकता प्राप्त कार्यक्रमहरूमा विद्युतीय स्रोतकेन्द्रको विकास तथा विस्तार, सदस्य सम्मान तथा पुरस्कार, सहकारीहरूका लागि नमुना कार्यविधि/तालिम निर्देशिकाको निर्माण, सहकारी बालक्लबको विकास तथा विस्तार, सहकारी स्तरीकरण कार्यक्रमको निरन्तरता तथा विस्तार, बैंकको आवश्यक नीति तथा आन्तरिक कार्यविधिहरूको निर्माण तथा पुनरावलोकन गर्ने । | बैंकले विद्युतीय स्रोत केन्द्रको रूपमा विद्युतीय पुस्तकालय (elibrary.ncbl.coop) लाई प्रयोगमा ल्याएको छ । वार्षिक योजनाअनुसार सदस्य सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ । बैंकको ६८ ओटा शाखा कार्यालयहरूमार्फत बालक्लब गठन गरी विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ । स्तरीकरण कार्यक्रमअन्तर्गत २०७९ असार मसान्तसम्म आधारभूतमा ३६०७ ओटामध्ये ९२० ओटाको स्तर मापन गरिएको छ । साथै, केयर कार्यक्रममा १०५ संस्थाहरू आबद्ध भएका छन् । बैंकको आन्तरिक नीति कार्यविधिहरूको आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गरिएको छ । |

## *उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,*

बैंकले आ.व. २०७९/०८० का लागि देहायबमोजिमका प्राथमिकताका क्षेत्रहरूलाई कार्यान्वयन गर्ने गरी वार्षिक कार्यक्रम तय गरेको छ । समग्र सहकारी अभियानमा सकारात्मक रूपान्तरणका लागि बैंकले अघि सारेका नीति तथा कार्यक्रमहरूले सहयोग गर्नेछन् भन्ने अपेक्षा लिइएको छ ।

१. समासोधनगृहको सदस्यता प्राप्त गरी सदस्य संस्थाहरूको **भुक्तानी फरफारक**का लागि प्राविधिक सेवा उपलब्ध गराउनका लागि पहल गरिनेछ,

२. बैंकले प्रदान गर्ने सम्पूर्ण सेवाहरूको बारेमा जानकारी प्रदान गर्नका लागि सदस्य बडापत्रलाई डिजिटलाइज गरी **एनसिबिएल एकीकृत मोबाईल** एपको विकास गरी सञ्चालन गरिनेछ,

३. बैंकको सेवालाई अझै सहज र सुविधासम्पन्न बनाउनका लागि काठमाडौंको टेकुमा केन्द्रीय कार्यालय रहने गरी **सहकारी बैंक भवन** निर्माण कार्यलाई अगाडि बढाइनेछ,

४. वर्तमान समयमा अर्थतन्त्रमा देखिएको सङ्कट र तरलता समस्याले निम्त्याएको प्रभावबाट सहकारी अभियानलाई सुरक्षित राख्ने प्रयासस्वरूप **दिगो, भरपर्दो र सुरक्षित वित्तीय सेवा**लाई निरन्तरता दिइनेछ,

५. बैंकका सेवाहरूलाई अझै बढी सदस्यमैत्री बनाउन **शाखाहरूको आधुनिक स्तरोन्नति** गरिनेछ भने थप **नयाँ २५ शाखा स्थापना** गरी सेवा विस्तार गरिनेछ,

६. बैंकको सेवा विस्तारका लागि **शाखारहित बैंकिङ सेवा**का लागि आवश्यक पूर्वाधारहरूको बारेमा अध्ययन गरी विकास गरिनेछ,

७. सहकारी क्षेत्रलाई अझै व्यावसायिक, मर्यादित र सुरक्षित बनाउन निरन्तर **शिक्षा तालिम र स्तरीकरण कार्यक्रम**हरूलाई व्यापक रूपमा अगाडि बढाइनेछ,

८. **सहकारीमैत्री नीति तथा कानुन निर्माण**का लागि सहकारी अभियानसँग निरन्तर संवाद गरी सरकारसँग विभिन्न चरणमा विविध बहस पैरवीका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ,

९. **सहकारी बैंक ऐन**को मस्यौदा तयार गरी ऐन जारी गराउने अभिप्रायले सरकारसँग निरन्तर पैरवी गरिनेछ,

१०. सहकारीसम्बन्धी सूचना, शिक्षामूलक सामग्रीलगायत विविध जानकारीहरू एकै ठाउँबाट प्राप्त गर्न सकिने गरी **एनसिबिएल इ-लाइब्रेरी** (विद्युतीय पुस्तकालय) स्तरोन्नति गरिनेछ,

११. बैंकका सम्पूर्ण शाखाहरूबाट प्रदान गरिने सेवामा एकरूपता ल्याई **सदस्य सन्तुष्टि अभिवृद्धि**का लागि आवश्यक कार्य गरिनेछ,

१२. **बैंक अभियान साझेदारी कार्यक्रम**का लागि १० ओटा केन्द्रीय संघ, ५ ओटा प्रदेश संघ र २५ ओटा जिल्ला संघ, ५ ओटा सहकारी व्यवस्थापक क्लबहरूसँग सम्झौता गरी बहस पैरवीसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ,

१३. मधेस प्रदेशका कम्तीमा ८० ओटा विभिन्न विषयगत सहकारीहरूलाई निश्चित मापदण्डको आधारमा छनोट गरी उनीहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न बैंकको आन्तरिक स्रोत परिचालन गरी **संस्थागत विकास कार्यक्रम** सञ्चालन गरिनेछ,

१४. **एनसिबिएल कोप रेमिट** सेवा सञ्चालनका लागि नीतिगत व्यवस्थासहित आवश्यक पूर्वाधारको तयारी गरिनेछ,

१५. कोपोमिस, गोएएमएल जस्ता सरकारको नियामकीय सफ्टवेयरहरूमा बैंकका सदस्य संस्थाहरूले तथ्याङ्क प्रदान गर्दा आउन सक्ने प्राविधिक कठिनाइलाई हल गर्नका लागि आवश्यक **प्राविधिक परामर्श सेवा** उपलब्ध गराइनेछ,

१६. **सहकारी अभियानसँग बैंक** रणनीतिअन्तर्गत बैंकका सबै शाखा कार्यालयहरूमा निरन्तर भेटघाट, छलफल, अन्तरक्रिया, लघु गोष्ठीजस्ता कार्यक्रमहरूको आयोजना गरी बैंकका सेवाहरूमा थप सुधार गरिनेछ,

१७. सहकारी बैंक र समग्र अभियानको गुनासो सङ्कलन गरी सम्बन्धित निकायसँग अन्तरक्रिया, छलफल र संवाद गर्न **सदस्य गुनासो व्यवस्थापन प्रणाली** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ,

१८. बैंकको शाखा कार्यालय नपुगेका स्थानहरूमा **एनसिबिएल जिल्ला सम्पर्क समन्वय उपसमिति** गठन गरी उपसमितिको सहयोगमा बैंकको सेवा विस्तार गर्ने रणनीति कार्यान्वयन गरिनेछ,

१९. **राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न निकायहरूसँग रणनीतिक सम्बन्ध** विस्तार गरी सहकारी अभियानलाई थप सुदृढ बनाउने प्रयासलाई निरन्तरता दिइनेछ,

२०. प्रत्येक दुई-दुई वर्षमा विभिन्न विषयमा (थिम) **सहकारी व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी र महिला नेतृत्व विकासका लागि प्रादेशिक गोष्ठी**को आयोजना गरिनेछ ।

# आ.व. २०७९/०८० को प्रस्तावित बजेट

*उपस्थित आदरणीय प्रतिनिधिज्यूहरू,*

आर्थिक वर्ष २०७९/०८० को बजेट बैंकको सदस्य संस्थाहरूको हितमा केन्द्रित गरी रणनीतिक योजनाले तय गरेका रणनीतिक स्तम्भहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । सैद्धान्तिक रूपमा नेपाल सरकारको बजेट तथा कार्यक्रम, बैंकको साधारणसभाका पछिल्ला निर्णयहरूका साथै सरोकारवाला पक्षहरूको अपेक्षालाईसमेत केन्द्रित गरी बजेट प्रक्षेपण गरिएको छ । वर्तमान अवस्थामा देखिएको तरलताको समस्याले यस वर्षको बजेट कार्यान्वयनमा थप चुनौती थपिने अपेक्षा गरिएको छ । यद्यपि, रणनीतिक हिसाबले चुनौतीसँग सामना गर्दै नयाँ सम्भावना र अवसरको बाटोसमेत पहिल्याउनका लागि सिङ्गो सहकारी अभियान ऐक्यबद्ध भएर अघि बढ्नुको विकल्प छैन ।

आर्थिक वर्षको बजेट निर्माण गरिरहँदाको अवस्थामा राष्ट्रिय अर्थतन्त्रभित्रका कतिपय सूचकहरू समग्र वित्तीय बजारका लागि उत्साहजनक छैन । खास गरी अन्तर्राष्ट्रिय कतिपय घटना-परिघटनाहरूका कारण, छिमेकी राष्ट्रले लिने अर्थतन्त्रका कतिपय नीतिहरू, इन्धनको मूल्यवृद्धि, अस्वाभाविक मुद्रास्फीतिलगायतका कारण बजेट निर्माण गर्दा ध्यानमा राखिएको छ । राष्ट्रिय अर्थतन्त्रभित्रका समस्याले बैंकको समग्र व्यावसायिक कार्यक्रमहरूलाई निकै प्रभाव पारेको छ । यद्यपि नयाँ बन्ने सरकारको अर्थनीति र कार्यदिशाले अर्थतन्त्रलाईमाथि उकास्न सक्छ भन्ने आशा एवम् विश्वास गर्न सकिन्छ ।

बजेट निर्माण गर्दा राष्ट्रिय सहकारी बैंकको रणनीतिक दृष्टिकोण, समग्र सहकारी अभियानको हित, अर्थतन्त्रका प्रतिकूल सूचकहरूलगायतका विषयहरूलाई केन्द्रित गर्दै विभिन्न सैद्धान्तिक आधारहरूमा तय गरिएको आ.व २०७९/०८० को प्रस्तावित अनुमानित वित्तीय प्रक्षेपण प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक वर्ष २०७८/०७९ को प्रक्षेपित वित्तीय विवरण

रकम रू.

| विवरण | २०७८/०७९ को स्विकृत बजेट | २०७९ असार | प्रस्तावित बजेट |
|---|---|---|---|
| शेयर सदस्य | १५,१४३ | १५,४७४ | १६,४१४ |
| **दायित्व** | ८५,४१२,२७३,८९४ | ५७,८७४,०६३,२६३ | ७२,१५३,९३७,१६५ |
| शेयर पुँजी | ३,५००,०००,००० | २,९१७,०५३,२०० | ३,२१६,८२२,७०० |
| जगेडा तथा कोषहरू | १,९५०,१६८,७४१ | २,४७८,१९७,०९७ | २,७९९,५९६,९९७ |
| निक्षेप | ७८,०१२,७१६,३२५ | ५०,६८६,०५८,८३४ | ६१,३५९,३९१,४४१ |
| अल्पकालीन ऋण | ६५१,४१७,०८० | १,२८८,२३२,५९२ | ५००,०००,००० |
| अन्य दायित्व | १,२९७,९७१,७४७ | ५०४,५२१,५४० | ४,२७८,१२६,०२६ |
| **सम्पत्ति** | ८५,४१२,२७३,८९४ | ५७,८७४,०६३,२६३ | ७२,१५३,९३७,१६५ |
| नगद तथा बैंक मौज्दात | १४,८२१,५६९,५१५ | १७,०८८,८१६,२०० | १६,७३७,८०४,०१९ |
| स्थिर सम्पत्ति | ६८१,५६२,८५७ | ७५९,०६२,९३३ | ९२४,८६१,२९० |
| कर्जा तथा सापट | ४८,२४०,८९०,७०३ | ३६,३६८,३७९,२७८ | ४६,०१९,५४३,५८१ |
| लगानी हिसाब | २०,५३५,५८४,५५० | २,७५५,६१५,००० | ६,७६६,३१५,००० |
| अन्य सम्पत्ति | १,१३२,६६६,२६९ | ९०२,१८९,८५२ | १,७०५,४१३,२७५ |
| **आम्दानी** | ५,७८८,५७५,३९१ | ५,२३३,५९८,२९१ | ६,६२९,२८६,६७४ |
| ब्याज आम्दानी | ५,६५१,५५३,५९१ | ५,१३८,१९४,२७५ | ६,३२५,२६९,०५७ |
| कमिसन तथा डिस्काउन्ट आम्दानी | १३७,०२१,८०० | ८७,३२६,८१४ | २,६००,००० |
| अन्य सञ्चालन आम्दानी | - | - | २९९,४१७,६१६ |
| गैर सञ्चालन आम्दानी/(घाटा) | - | ८,०७७,२०२ | २,०००,००० |

| | | | |
|---|---|---|---|
| **खर्च** | ४,३४०,७०६,९०६ | ४,१३६,१३२,६७६ | ५,१५४,२६४,८९० |
| ब्याज खर्च | ३,४८९,१५१,००३ | ३,२२३,०९७,२२९ | ३,९२५,६३८,२७६ |
| कर्मचारी खर्च | ३७९,२८६,२८० | ४४६,५०२,३०१ | ३७४,३५४,४८५ |
| कार्यालय सञ्चालन खर्च | ३१९,४२४,१५५ | २३९,५४३,७५० | ४८३,८०६,४०८ |
| नोक्सानी व्यवस्था खर्च | १५२,८४५,४६८ | २२६,७९६,१०४ | ३७०,४६५,७२१ |
| गैर सञ्चालन खर्च | - | १९३,२९२ | - |
| कर्मचारी बोनस र करअगाडिको मुनाफा | १,४४७,८६८,४८५ | १,०९७,४६५,६१५ | १,४७५,०२१,७८४ |
| कर्मचारी बोनस व्यवस्था | १४४,७८६,८४८ | - | १४७,५०२,१७८ |
| करअगाडिको मुनाफा | १,३०३,०८१,६३६ | १,०९७,४६५,६१५ | १,३२७,५१९,६०५ |
| आयकर व्यवस्था | १३०,३०८,१६४ | १०८,०६८,२५० | १३२,७५१,९६१ |
| **खुद मुनाफा** | १,१७२,७७३,४७३ | ९८९,३९७,३६६ | १,१९४,७६७,६४५ |

## सहकारी क्षेत्रमा देखिएका सम्भावित चुनौती र सामनाका लागि ऐक्यबद्वता

***आदरणीय उपस्थित प्रतिनिधिज्यूहरू,***

चालू आर्थिक वर्षमा समष्टीगत अर्थतन्त्र तथा नेपालको सहकारी क्षेत्रमा देखिएका विविध समस्याले सहकारी अभियानमा चुनौती थपिएको छ । वित्तीय प्रणालीको सङ्कटका कारण जटिल बन्दै गएको वर्तमान अवस्था नियन्त्रणबाहिर जाने कुरालाई पनि नकार्न सकिदैन । बाह्य अर्थतन्त्रमा सहजता नहुन्जेल सम्म सहकारी क्षेत्रमा विद्यमान दबाब कायमै रहनेछ । यसका साथै बाह्य अर्थतन्त्रमा सुधार प्रक्रिया जति लामो हुनेछ, सहकारी क्षेत्रको जोखिम सोही अनुपातमा वृद्धि हुँदै जाने अनुमान गरिएको छ । चालू आ.व.मा मुख्य गरी सहकारी क्षेत्रमा देहायअनुसारका चुनौतीहरू देखिन सक्ने सम्भावना छ ।

- ❑ सहकारी क्षेत्रमा बचत/निक्षेपको रकम सङ्कुचन,
- ❑ तरलताको सङ्कट,
- ❑ कर्जा असुलीमा समस्या, खराब कर्जाको वृद्धि,
- ❑ सहकारीको सदस्यता वृद्धिदरमा सङ्कुचन,
- ❑ सहकारी संस्थाको लाभ वितरणको क्षमतामा ह्रास,

यो कठिन परिस्थितिमा सहकारी क्षेत्रको स्थायित्वका लागि सरोकारवालाहरूबीच ऐक्यबद्धताको आवश्यकता देखिएको छ ।

राष्ट्र बैंकको मौद्रिक नीतिको चालू आ.व.को पहिलो त्रैमासिकसम्म आइपुग्दा अर्थतन्त्रमा केही सुधारको सङ्केत देखिएको छ । शोधनान्तर अवस्था बचतमा गएको छ भने रेमिट्यान्स वृद्धि हुँदा विदेशी मुद्रा सञ्चिति पनि बढेको छ । हालै प्रतिनिधिसभा र प्रदेश सभाको दोस्रो निर्वाचन सम्पन्न भई सङ्घीय तथा प्रदेश सरकार गठनको क्रममा छ । नयाँ सरकार गठन भएपश्चात् तीव्र विकासप्रतिको आकाङ्क्षा पूरा गर्न सरकारले शासकीय तथा आर्थिक सुधारका कार्यक्रमहरू ल्याउने, तीनै तहका सरकारहरूको सक्रियता बढ्ने र यसबाट आर्थिक क्रियाकलापहरूले थप गति लिने अपेक्षा गर्न सकिन्छ । अर्थतन्त्रमा सुधारसँगै सहकारी क्षेत्रमा पनि सहजतातर्फ उन्मुख हुने आशा गर्न सकिन्छ । तर सहकारीलाई व्यवस्थित गर्नका लागि कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधीकरण, कर्जा तथा निक्षेपको सुरक्षण, सन्दर्भ ब्याजदरको व्यवस्थापन जस्ता विषय भने अघि बढाउन आवश्यक छ ।

**अन्त्यमा,**

राष्ट्रिय सहकारी बैंकलाई विभिन्न असहजतामा समेत साथ र सहयोग प्रदान गर्नुहुने सदस्य संघ-संस्थाहरूका साथै सहकारी क्षेत्रका महत्त्वपूर्ण निकायहरू, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, बैंकका सल्लाहकारज्यूहरूलगायत सम्पूर्ण सहयोगी निकाय तथा महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस गरिमामय १९औं साधारणसभालाई सफल पार्न हाम्रो आमन्त्रण स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अन्य अतिथिज्यूहरू, उपस्थित प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरू, समिति तथा उपसमितिका पदाधिकारीज्यूहरू, सञ्चारकर्मीज्यूहरू एवम् बैंकका सम्पूर्ण कर्मचारीहरूलगायत शुभचिन्तक तथा सम्पूर्ण सहकारीकर्मीहरूप्रति कृतज्ञता जाहेर गर्दछु । साधारणसभालाई सफल बनाउन अहोरात्र खटिएका कर्मचारीहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस सभालाई भव्य र सभ्य बनाउन हौसला प्रदान गर्न उपस्थित सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ! जय सहकारी !

जय NCBL

के.बी. उप्रेति

**अध्यक्ष**

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको १९औं वार्षिक साधारणसभामा
## प्रस्तुत लेखासुपरिवेक्षण समितिको प्रतिवेदन–२०७९

***बैंकको गरिमामय यस १९औं साधारणसभाका आदरणीय सभाध्यक्षज्यू,***

***प्रमुख अतिथिज्यू, आदरणीय विशिष्ट अतिथिज्यू एवम् अतिथिज्यूहरू,***

***बैंकका सल्लाहकारज्यूहरू, सञ्चालक समिति एवम् लेखासुपरिवेक्षण समितिका सदस्यज्यूहरू, साधारणसभाका प्रतिनिधिज्यूहरू,***

***विभिन्न संघ-संस्थाबाट यस कार्यक्रममा पाल्नुभएका आदरणीय पर्यवेक्षकज्यूहरू !***

राष्ट्रको चौथो अङ्ग सञ्चारका विभिन्न माध्यमबाट बैंकको यस साधारणसभाका गतिविधिहरूको आम जनमानससम्म पुऱ्याउने जिम्मेवार पत्रकार मित्रहरू एवम् बैंकको विभिन्न उपसमितिको जिम्मेवारीमा रहनुभएका उपसमितिका सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृत एवम् सम्पूर्ण कर्मचारी वर्ग लगायत सम्पूर्ण महानुभावहरूमा बैंकको लेखासुपरिवेक्षण समितिको तर्फबाट न्यानो स्वागतका साथ सहकारी अभिवादन व्यक्त गर्दछु ।

बैंकको गरिमामय यस साधारणसभामा उपस्थित विभिन्न संघ-संस्थाका आदरणीय प्रतिनिधिज्यूहरूः सहकारीका मूल्य मान्यता, अन्तर्राष्ट्रिय सिद्धान्त, प्रचलित कानुन एवम् बैंकको स्वीकृत विनियम, नीति तथा आन्तरिक कार्यविधिबमोजिम बैंकको आन्तरिक सुशासनलाई थप व्यवस्थित बनाई बैंकको दिगो विकासमा लेखासुपरिवेक्षण समितिले कुनै कसर बाँकी नराखी प्रभावकारी भूमिका निर्वाह गर्दै आएको व्यहोरा यस सभामा जानकारी गराउँदछु ।

कोरोना महामारीपश्चात् देशको वित्तीय क्षेत्रमा आएको प्रतिकूल प्रभावले सहकारी क्षेत्रमा सिर्जना भएको वित्तीय समस्या हामी सबैले महसुस गरिरहेका छौँ । वित्तीय क्षेत्रमा आएको यस प्रतिकूल प्रभावले सहकारी बैंकसमेत अछुतो रहन सकेको छैन । अनपेक्षित प्रतिकूल वातावरणले बैंकको वित्तीय संरचनामा पनि ठूलो परिवर्तन आयो । बैंकको कुल सम्पत्तिमा आएको ह्रासका कारण चाहेर पनि सदस्य संघ-संस्थाका वित्तीय सङ्कट समाधानमा बैंकले अपेक्षित भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

वाह्य वातावरणमा सिर्जित असहजताका कारण लेखासुपरिवेक्षण समितिको तर्फबाट गरिने स्थलगत निरीक्षणसमेत प्रभावित बन्न पुग्यो । प्रतिकूल वातावरणका बाबजुद जे-जति अनुगमन निरीक्षण गर्न सम्भव भयो, सोही आधारमा यो प्रतिवेदन तयार गरिएको व्यहोरा यस सभामा अवगत गराउन चाहन्छु । आ.व. २०७८/०७९ मा भए गरेका बैंकका गतिविधिहरूको सङ्क्षेप, सुपरिवेक्षणसम्बन्धी भए-गरेका क्रियाकलापहरू एवम् बैंकको लेखासुपरिवेक्षण समितिको तर्फबाट साधारणसभामा जानकारी गराउनुपर्ने विषयवस्तुसहितको प्रतिवेदन यहाँहरूसमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

***बैंकको गरिमामय यस साधारणसभाका आदरणीय प्रतिनिधिज्यूहरू,***

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी विमाग एवम् नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी गरिएका निर्देशनहरू, बैंकको स्वीकृत विनियम तथा आन्तरिक कार्यविधिहरू एवम् अन्य प्रचलित कानुनी व्यवस्थाहरूसमेतलाई आधार मानेर सहकारी बैंकको लेखासुपरिवेक्षण समितिको तर्फबाट यो प्रतिवेदन तयार गरेको व्यहोरा जानकारी गराउँदछु । सहकारी ऐन २०७४ दफा ४९ को व्यवस्था वमोजिम बैंकको लेखासुपरिवेक्षण समितिले नियमित रूपमा गरेको सुपरिवेक्षणका आधारमा तयार गरिएको यो प्रतिवेदन यस गरिमामय साधारणसभामा पेस गरेका छौँ ।

### (क) आन्तरिक कार्यविधि सम्बन्धमा

आन्तरिक व्यवस्थापन र सुशासनका लागि आन्तरिक कार्यविधिहरूले प्रत्यक्ष सकारात्मक प्रभाव पार्दछन् । बैंकले आवश्यकतानुसार आन्तरिक कार्यविधिहरू निर्माण एवम् भएका कार्यविधिहरूलाई समयसापेक्ष अद्यावधिक गर्दै गइरहेको छ । सुपरिवेक्षणका क्रममा आवश्यक कार्यविधिहरू निर्माण एवम् भएका कार्यविधिहरू समयसापेक्ष अद्यावधिक गरी कार्यविधिहरूको पूर्ण कार्यान्वयनका लागि आवश्यक सुझाव दिने गरिएको छ ।

### (ख) वार्षिक योजना तथा बजेट र सोको कार्यान्वयन

बैंकले एक आ.व.भित्र गर्ने गतिविधिहरूलाई व्यवस्थित र प्रभावकारी बनाउन र बैंकका गतिविधिहरूलाई पारदर्शी बनाउन वार्षिक योजना तथा बजेट तर्जुमा गरी साधारणसभाबाट पारित गराउनु पर्दछ । वर्षभरि गरिने समग्र क्रियाकलापहरू पारित योजना तथा खर्चहरू स्वीकृत बजेटको दायराभित्र रहेर गर्नु पर्दछ । लेखासुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा बैंकले सञ्चालन गरेका गतिविधिहरू स्वीकृत योजनाअनुसार पारित बजेटको दायराभित्र रहेर भए गरे नगरेको यकिन गर्ने गरेको छ ।

### (ग) समिति एवम् उपसमितिले गरेका निर्णयहरूको विश्लेषण एवम् निर्णय कार्यान्वयनको अवस्था

नियमित एवम् आवश्यकताका आधारमा बैंकको सञ्चालक समिति र अन्य उपसमितिहरूका बैठकहरू बसी आवश्यक निर्णयहरू गर्ने गरिएका छन् । यसरी गरेका निर्णयहरूको वैधता, निर्णय कार्यान्वयनको अवस्था, निर्णयपुस्तिका व्यवस्थापनलगायतका कुराहरूले बैंकको सुशासनमा प्रत्यक्ष प्रभाव पार्दछ । लेखासुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा सञ्चालक समिति एवम् उपसमितिका निर्णयपुस्तिका हेरी गरेका निर्णय एवम् निर्णय कार्यान्वयनको अवस्था विश्लेषण गर्ने गरिएको छ ।

### (घ) कर्जा जोखिम विश्लेषण

बैंकको सम्पत्तिको ठूलो हिस्सा कर्जामा परिचालन भएको हुन्छ । बैंकको आम्दानीका स्रोतहरूमध्ये मुख्य स्रोत कर्जाबाट प्राप्त ब्याज आम्दानी नै हो । बैंकको वित्तीय स्वस्थता कर्जाको गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । बैंकको समग्र विकासमा कर्जा व्यवस्थापनले प्रत्यक्ष प्रभाव पार्दछ । कर्जा लगानी पूर्वको जोखिम विश्लेषण, कर्जा सदुपयोगिता अनुगमन र भाखा नाघेको कर्जा असुलीसम्मका कुराहरू कर्जा व्यवस्थापनमा पर्दछन् । सुपरिवेक्षणका क्रममा कर्जा व्यवस्थापनलाई उच्च महत्त्वमा राखेर आ.व. २०७८/०७९ देखि जोखिम व्यवस्थापन विभागको गठन गरी विभिन्न कोणबाट कर्जाको गुणस्तर विश्लेषण गर्ने गरिएको छ भने कर्जा लगानी प्रक्रियालाई थप सुव्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउनका लागि LMS (Loan Management System) प्रविधिबाट कर्जा स्वीकृति प्रक्रियाको थालनी भएको छ । बैंकको सम्पत्तिको ठूलो हिस्सा र आम्दानीको मुख्य स्रोत कर्जालाई गुणस्तरीय बनाउन लेखासुपरिवेक्षण समितिको तर्फबाट आवश्यक सुझावहरू दिने गरिएको व्यहोरा जानकारी गराउँछु ।

### (ङ) भौतिक सम्पत्ति सामानको व्यवस्थापन तथा सुरक्षा

समयको विकाससँगै बैंकका शाखा कार्यालयहरूको सङ्ख्या पनि ६८ ओटा पुगिसकेको छ । बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरूको व्यवस्थापन एवम् सञ्चालनका क्रममा आवश्यक सम्पत्ति सामानहरूको व्यवस्था गरिएको छ । बैंकका सम्पत्ति सामानहरूको उचित व्यवस्थापन र परिचालनका लागि निर्दिष्ट नीति-नियमहरू आवश्यक पर्दछ । सुपरिवेक्षणका क्रममा सम्पत्ति सामानहरूको व्यवस्थापन, प्रभावकारी परिचालन एवम् सुरक्षाको सुनिश्चितता हेरी आवश्यक सुझावहरू दिने गरिएको छ ।

### (च) कार्यालय व्यवस्थापन एवम् सञ्चालन

बैंकको मुख्य कार्यालय एवम् शाखा कार्यालयहरूको कार्यालय व्यवस्थापन एवम् सजावट, कार्यालय व्यवस्थापनमा सदस्य प्राथमिकतालगायतको अनुगमन गर्ने गरिएको छ । कार्यालय व्यवस्थापन र सञ्चालनमा नवीनतम प्रविधि प्रयोगको अवस्था, खर्चमा मितव्ययिता एवं पारदर्शितालगायतको सुपरिवेक्षण गरी आवश्यक सुझावहरू प्रदान गरिदै आएको छ ।

### (छ) आन्तरिक लेखापरीक्षण प्रतिवेदन अध्ययन र अनुसरण

बैंकले बाह्य निकायसँग सम्झौता गरी आन्तरिक लेखापरीक्षणलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको जिम्मेवारी प्रदान गर्ने गरेको छ । दुई पक्षीय सम्झौताबमोजिम सम्बद्ध निकायले नियमित आन्तरिक लेखापरीक्षण गर्दै आएको छ । सुपरिवेक्षणका क्रममा बैंकको मुख्य कार्यालय एवम् शाखा कार्यालयहरूलाई प्रदान गरिएका सुझावहरू कार्यान्वयनको अवस्था विश्लेषण गरिएको छ । लेखासुपरिवेक्षण समितिले सुपरिवेक्षणका क्रममा सुझावहरू कार्यान्वयनको अवस्था हेर्ने गरिएको छ । आ.व. २०७८/०७९ को आन्तरिक लेखापरीक्षण बाह्य स्रोतबाट गर्ने गरी निम्न संस्थाहरूसँग सम्झौता गरिएको छ ।

| क्लस्टर १ | क्लस्टर २ | क्लस्टर ३ | क्लस्टर ४ | क्लस्टर ५ | क्लस्टर ६ |
|---|---|---|---|---|---|
| शाखाहरू | शाखाहरू | शाखाहरू | शाखाहरू | शाखाहरू | शाखाहरू |
| PDS & Associates | Dev Associates | PYC & Associates | PYC & Associates | GKNS & Associates | N.A.R.S. Associates |
| फिदिम | कावासोती | नुवाकोट | कीर्तिपुर | बाग्लुङ | नेपालगन्ज |
| इलाम | बर्दघाट | दोलखा* | कालिमाटी | तनहुँ | महेन्द्रनगर |
| धनकुटा | बर्दिवास | बनेपा* | जोरपाटी | पोखरा* | भुरीगाउँ |
| बिर्तामोड* | हरिवन | ठिमी* | सूर्यविनायक | वालिङ | धनगढी* |
| दमक* | चपुर | नयाँ बानेश्वर* | कमलविनायक | बुटवल* | कोहलपुर |
| उर्लाबारी* | सिन्धुली | चाबहिल* | इमाडोल | पुतलीबजार | दैलेख |
| विराटनगर* | भरतपुर* | गोंगबु* | नारायणगोपाल चोक | भैरहवा | सुर्खेत* |
| इटहरी* | हेटौंडा* | कलङ्की* | बलम्बु | तिलोत्तमा | दाङ (घोराही) |
| धरान* | वीरगन्ज* | न्युरोड* | नयाँबजार | तालचोक | तुल्सीपुर |
| राजविराज* | सिमरा* | लगनखेल* | पुतलीसडक | | |
| लहान* | जनकपुर* | चापागाउँ* | कोटेश्वर | | |
| मेचीनगर | कलैया | केन्द्रीय कार्यालय* | | | |
| सुन्दरहरैचा | टाँडी | मुख्य शाखा* | | | |
| इनरूवा | | | | | |

( "*" चिह्न भएका शाखाहरूमा २ पटक आलेप भएको र अन्यमा १ पटक आलेप गरेको)

आ.व. २०७८/०७९ मा आन्तरिक लेखापरीक्षण गर्न सम्झौता गरिएका सि.ए. फर्मबाट निम्न शाखाहरूको आलेप सम्पन्न भएको छ ।

| क्र.सं. | २०७९ असार मसान्तसम्ममा आलेप सम्पन्न भएका शाखाहरूको विवरण | क्र.सं. | २०७९ असार मसान्तसम्ममा आलेप सम्पन्न भएका शाखाहरूको विवरण |
|---|---|---|---|
| १ | बिर्तामोड | १९ | जनकपुर |
| २ | दमक | २० | दोलखा |
| ३ | उर्लाबारी | २१ | बनेपा |
| ४ | विराटनगर | २२ | ठिमी |
| ५ | इटहरी | २३ | नयाँ बानेश्वर |
| ६ | धरान | २४ | चाबहिल |
| ७ | राजविराज | २५ | गोंगबु |
| ८ | लहान | २६ | कलंकी |
| ९ | फिदिम | २७ | न्युरोड |
| १० | इलाम | २८ | लगनखेल |
| ११ | धनकुटा | २९ | चापागाउँ |
| १२ | मेचीनगर | ३० | मुख्य शाखा |
| १३ | सुन्दरहरैचा | ३१ | पोखरा |
| १४ | इनरूवा | ३२ | बुटवल |
| १५ | भरतपुर | ३३ | धनगढी |
| १६ | हेटौंडा | ३४ | सुर्खेत |
| १७ | वीरगन्ज | ३५ | केन्द्रीय कार्यालय |
| १८ | सिमरा | | |

बैंकका शाखाहरूमध्ये २ पटक निरीक्षण गर्ने सूचीमा परेका शाखाहरूको १ पटक निरीक्षण भइसकेको छ भने बाँकी शाखाहरूको २०७९ कात्तिक मसान्तभित्रमा सम्पन्न भइसकेको छ ।

***बैंकको गरिमामय १९औं साधारणसभाका आदरणीय प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरूलगायत उपस्थित महानुभावहरू***

साधारणसभाबाट गठित लेखासुपरिवेक्षण समितिबाट बैंकको आन्तरिक गतिविधिहरूको अनुगमनका क्रममा आ.व. २०७८/०७९ मा (मिति २०७८ साउन १ गतेदेखि २०७९ असार मसान्तसम्म) लेखासुपरिवेक्षण समितिको बैठक निम्नानुसार भएको व्यहोरा हजुरहरूसमक्ष अवगत गराउँदछु ।

| क्र.सं. | बैठक मिति | स्थान | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| १ | २०७८/०८/१४ | केन्द्रीय कार्यालय | १०० |
| २ | २०७८/०८/१५ | केन्द्रीय कार्यालय | १०० |
| ३ | २०७८/१२/०१ | केन्द्रीय कार्यालय | १०० |
| ४ | २०७८/१२/०२ | केन्द्रीय कार्यालय | १०० |

**साधारणसभा र सोको निर्णय कार्यान्वयनको अवस्था :**

बैंकको गत २०७८।०७।१६ देखि ७।३० सम्ममा सम्पन्न १८औं वार्षिक साधारणसभाले गरेका निर्णय कार्यान्वयनको अवस्था निम्नअनुसार रहेको छ ।

- साधारणसभाको निर्णय नं. ७ मा विनियम संशोधनमार्फत शेयर पुँजी ८ अर्ब बनाउन गरिएको निर्णय कार्यान्वयनका लागि सहकारी विभाग मार्फत स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा पेस भएकोमा हालसम्म पनि स्वीकृत भएको पाइएन ।
- साधारणसभाको निर्णय नं. १० मा बैंकको भवन निर्माण कार्य सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेकोमा परामर्शदाता छनोट, डिजाइन तयार भए पनि निर्माण कार्य सुरु भएको पाइएन ।
- साधारणसभाको निर्णय नं. ११ मा अन्तर्राष्ट्रिय संघ-संस्था वा दातृ निकायबाट ऋण प्राप्तिका लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गरिएको प्रगति भएको पाइएन ।
- साधारणसभाले गरेका अन्य सम्पूर्ण निर्णयहरू कार्यान्वयन भएको पाइयो ।

## सञ्चालक समितिको बैठक, बैठकका निर्णय एवम् निर्णय कार्यान्वयनको अवस्था

***आदरणीय प्रतिनिधि एवम् पर्यवेक्षकज्यूहरू,***

आ.व. २०७८/०७९ (मिति २०७८ साउन १ गतेदेखि २०७९ असार मसान्तसम्म) बसेको सञ्चालक समितिका बैठकको अवस्था निम्नअनुसार रहेको छ ।

| क्र.सं. | बैठकको मिति | बैठकको प्रकार (भौतिक/भर्चुअल) | उपस्थिति प्रतिशत | निर्णय सङ्ख्या | कैफियत (नियमित/आकस्मिक) |
|---|---|---|---|---|---|
| १. | २०७८/०४/१८ | भौतिक तथा भर्चुअल | १०० | १६ | नियमित |
| २. | २०७८/०५/२५ | भर्चुअल | १०० | १६ | नियमित |
| ३. | २०७८/०६/१० | भर्चुअल | १०० | १६ | नियमित |
| ४. | २०७८/०७/०९ | भौतिक | ९३.७५ | १५ | नियमित |
| ५. | २०७८/०८/०७ | भर्चुअल | १०० | १६ | नियमित |
| ६. | २०७८/०९/०६ | भर्चुअल | १०० | १६ | नियमित |
| ७. | २०७८ /०९/३० | भौतिक | ८१.२५ | १३ | नियमित |
| ८. | २०७८/१०/२४ | भर्चुअल | १०० | १६ | नियमित |
| ९. | २०७८/१२/०८ | भौतिक | १०० | १६ | नियमित |
| १०. | २०७९/०१/०९ | भर्चुअल | १०० | १६ | नियमित |
| ११. | २०७९/०२/२७ | भौतिक | ९३.७५ | १४ | सरिता तिम्सिना भट्टराईले दिनुभएको राजीनामा स्वीकृत गरिएको |
| १२. | २०७९/०३/२९ | भर्चुअल | १०० | १५ | नियमित |

आ.व. २०७८/०७९ मा बैंकको सञ्चालक समितिको बैठकको नियमितता, बैठकमा उपस्थिति एवम् निर्णयहरूको अवस्था हेर्दा सन्तोषजनक रहेको पाइयो । सञ्चालक समितिले गरेका अधिकांश निर्णयहरू बैंकको वार्षिक योजना तथा बजेट, साधारणसभाका निर्णय एवम् बैंकको अवस्थाअनुकूलका रहेको पाइयो । सञ्चालक समितिले गरेका अधिकांश निर्णयहरू कार्यान्वयन भए तापनि निम्न विवरणका निर्णयहरू भने कार्यान्वयन हुन बाँकी रहेको पाइयो ।

- सञ्चालक समितिको मिति २०७८।०५।२५ को बैठकबाट कर्जा लगानीको नयाँ क्षेत्र पहिचानका लागि श्री रामहरि बजगाईँको नेतृत्वमा ४ सदस्यीय कार्यदल गठन गरी जिम्मेवारी प्रदान गरिएकोमा सोसम्बन्धी कार्य भएको पाइएन ।
- सञ्चालक समितिको मिति २०७९।०२।२७ को बैठकबाट राष्ट्रिय सहकारी विकास बोर्डको भवन मासिक ५,२०,८२८।- मा भाडामा लिने प्रक्रिया अगाडि बढाएकोमा हालसम्म कार्यान्वयन भएको पाइएन ।

## नियामक निकायबाट गरिएका सघन अनुगमन, स्तरोन्नतिका लागि प्राप्त सुझाव एवम् सुझाव कार्यान्वयनको अवस्था

### सहकारी विभागबाट भएको सघन अनुगमन :

आ.व. २०७८।०७९ मा सहकारी विभागको तर्फबाट बैंकको कुनै निरीक्षण नगरिएको जानकारी प्राप्त भएको छ ।

### नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण सम्बन्धमा

- मिति २०७८।०५।२७ देखि २०७८।०६।०४ सम्म नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागबाट बैंकको निरीक्षण गरिएको ।
- उक्त निरीक्षणको प्रारम्भिक प्रतिवेदन नेपाल राष्ट्र बैंकको तर्फबाट २०७८।०६।०४ मा प्राप्त भएको
- प्रारम्भिक प्रतिवेदनमा उल्लिखित मुख्य बुँदाहरू,
  १. संस्थागत सुशासनसम्बन्धी,
  २. सम्पत्तिको गुणस्तर तथा कर्जासम्बन्धी,
  ३. आर्थिक प्रशासनसम्बन्धी,
  ४. कर्मचारी तथा प्रशासनसम्बन्धी,
  ५. सम्पत्ति शुद्धीकरण तथा सदस्य पहिचानसम्बन्धी,
  ६. सूचना प्रविधिसम्बन्धी,
  ७. पुँजीकोषसम्बन्धी,
  ८. सीमित बैंकिङ कारोबार गर्न इजाजत प्रदान गर्दा तोकिएको अन्य सर्तहरूका सम्बन्धमा,
  ९. सहकारी विभागबाट दिइएका मार्गदर्शन तथा उक्त विभागले मिति २०७६।०५।२६ गते गरेको सघन अनुगमन कार्यान्वयन सम्बन्धमा,
  १०. विविध ।

सञ्चालक समितिको मिति २०७८।०६।१० को बैठकबाट सोको प्रत्युत्तर पठाएको ।

- नेपाल राष्ट्र बैंकको तर्फबाट मिति २०७८।०६।०४ मा प्रेषित प्रतिवेदनका आधारमा २०७८।०९।३० मा समष्टिगत निरीक्षण प्रतिवेदन पठाएको ।
- राष्ट्रिय सहकारी बैंकको तर्फबाट २०७८।१०।१४ मा समष्टिगत निरीक्षण प्रतिवेदनको प्रतिउत्तर पठाएको ।
- नेपाल राष्ट्र बैंकको निरीक्षण सम्बन्धमा लेखासुपरिवेक्षण समितिको धारणाः राष्ट्रिय सहकारी बैंकको व्यवस्थित सञ्चालनमा नेपाल राष्ट्र बैंकको निरीक्षण तथा स्थलगत अनुगमनले सहयोग पुगेको छ । निरीक्षणमा उल्लिखित निर्देशनलाई बैंक सञ्चालक समिति एवम् उच्च व्यवस्थापनको तर्फबाट उच्च प्राथमिकतामा राखी सम्बोधन एवम् कार्यान्वयन गरेको देखिन्छ ।

### स्वीकृत बजेट र कार्यान्वयनको अवस्था

आ.व. २०७८।०७९ का लागि बैंकको तर्फबाट स्वीकृत वार्षिक बजेट र कार्यान्वयनको अवस्था निम्नअनुसार रहेको पाइयो ।

रकम रू.

| शीर्षक | स्वीकृत रकम | प्रगति रकम | प्रगति प्रतिशत |
|---|---|---|---|
| सेयर पुँजी | ३,५००,०००,००० | २,९१७,०५३,२०० | ८३% |
| जगेडा कोष + अन्य कोष | १,९५०,१६८,७४१ | १,८५२,१७०,५७२ | ९५% |
| निक्षेप मौज्दात | ७८,०१२,७१६,३२५ | ५०,६८६,०५८,८३४ | ६५% |
| कर्जा लगानी मौज्दात | ४९,००१,५३३,४६२ | ३६,३६८,३७९,२७८ | ७४% |
| कुल आम्दानी | ५,८८७,७२९,९२३ | ५,२३३,५९८,२९१ | ८९% |
| कुल खर्च | ४,४४३,५०६,४३८ | ४,१३६,१३२,६७५ | ९३% |
| सञ्चालन नाफा (करअघिको) | १,४४४,२२३,४८५ | १,०९७,४६५,६१६ | ७६% |
| कुल सम्पत्ति | ८६,१७२,९१६,६५३ | ५७,८७४,०६३,२६३ | ६७% |

प्रस्तुत कार्य प्रगति विवरण अध्ययन गर्दा सम्पूर्ण शीर्षकहरूमा लक्ष्यअनुरूप प्रगति हुन नसकेको पाइयो । जसको प्रत्यक्ष असर सदस्य संस्थालाई हुने बैंकको कर्जा लगानीमा पर्न गएको देखिन्छ ।

## बैंकको गैरबैंकिङ सम्पत्तिको अवस्था

बैंकको पछिल्ला ३ आ.व. को गैरबैंकिङ सम्पत्तिको अवस्था निम्नानुसार रहेको छ :

| आ.व. | गैरबैंकिङ सम्पत्ति रकम रू. | थप/घटेको अवस्था | |
|---|---|---|---|
| | | रकम रू. | प्रतिशत |
| आ.व. २०७६/०७७ | १२५,६०९,०४९ | ४८,५७२,७८८ | ३८.८१ |
| आ.व. २०७७/०७८ | ११८,३०९,०६३ | (७,२९९,९८६) | ५.८१ |
| आ.व. २०७८/०७९ | ९०,५०२,४५१ | (२७,८०६,६११) | २३.५० |

अघिल्लो वर्षको तुलनामा गैरबैंकिङ सम्पत्ति २३.५० प्रतिशतले घटेको पाइयो ।

### बैंकको कर्जाको गुणस्तरको अवस्था :

बैंकको पछिल्ला ३ आ.व. को कर्जाको गुणस्तर अर्थात् भाखा नाघेको कर्जाको अवस्था निम्नानुसार रहेको छ :

| आ.व. | लगानीमा रहेको कर्जा रू. | भाखा नाघेको कर्जा | |
|---|---|---|---|
| | | रकम रू. | प्रतिशत |
| आ.व. २०७६/०७७ | २७,१५२,६४६,९५७ | १९१,३२६,१७४ | ०.७० |
| आ.व. २०७७/०७८ | ३५,९१०,५०९,०२५ | ५००,५५२,२६१ | १.३९ |
| आ.व. २०७८/०७९ | ३७,२५७,७३७,८८७ | ७६७,१०२,३१४ | २.०६ |

कर्जा गुणस्तर मापनका आधारमा गत वर्षको तुलनामा भाखा नाघेको कर्जा बढेको पाइयो ।

### लेखासुपरिवेक्षण समितिका सुझाव कार्यान्वयनको अवस्था

*आदरणीय प्रतिनिधि एवम् पर्यवेक्षकज्यूहरू,*

आन्तरिक लेखापरीक्षणको क्रममा पाइएका कैफियत एवम् त्रुटि सुधारका लागि नियमित रूपमा सञ्चालक समितिमा प्रतिवेदन पेस गर्ने गरिएको छ । पेस भएका अधिकांश सुझाव कार्यान्वयनसमेत भएका छन । यद्यपि, गत वर्षका साधारणसभामा प्रस्तुत गरिएका र अन्य केही तपसिलअनुसारका सुझावहरू भने कार्यान्वयन हुन बाँकी रहेको पाइयो ।

- गुर्खाली बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर र तारा बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौंको विभिन्न अवरोधका कारण लिलामी हुन नसकेको र पुनः लिलामीको क्रममा रहेको जानकारी प्राप्त भएको ।

- पहिलो पाइला बहुउद्देश्यीय सहकारी संस्था लि. झापाको लिलामी प्रक्रिया पूरा गरेको र बैंकको नाममा दाखिल खारेजको क्रममा रहेको जानकारी प्राप्त भएको ।
- भानु पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि.को धितो फुकुवा सम्बन्धमा भएको कमजोरीका बारेमा अध्ययन समितिको प्रतिवेदन प्राप्त भएर पनि कार्यान्वयन प्रक्रिया अगाडि बढाएको पाइएन ।
- बैंकअन्तर्गत गठित कतिपय उपसमितिहरू निष्क्रिय रहेकाले सक्रियताका लागि दिइएको सुझाव कार्यान्वयन नभएको ।
- उपसमितिहरूको काम, कर्तव्य, क्षेत्राधिकार, सदस्य सङ्ख्या जस्ता विषय समेटी उपसमिति गठन तथा सञ्चालनसम्बन्धी कार्यविधि बनाउन दिएको सुझाव कार्यान्वयन नभएको पाइयो ।

**सदस्यहरूको सूचनाको हकको सम्बोधनस्वरूप लेखासुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका मुख्य विषयहरू :**

(क) सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरूको बैठक भत्ता, यातायात खर्च, दैनिक भ्रमण भत्ता, सञ्चार खर्चलगायतका सुविधासम्बन्धी विवरण :

| विवरण | भत्ता (प्रति बैठक) रू. | यातायात भत्ता (प्रति बैठक) रू. | यातायात खर्च | दैनिक भ्रमण भत्ता रू. | सञ्चार खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| अध्यक्ष | ६,००० | २,००० | संलग्न बिलअनुसार | ६,००० | ५,००० | २०७८/०७९ को यथावत् |
| अन्य सञ्चालकहरू | ६,००० | २,००० | संलग्न बिलअनुसार | ६,००० | २,५०० | २०७८/०७९ को यथावत् |
| लेखासुपरिवेक्षण समिति संयोजक तथा सदस्यहरू | ६,००० | २,००० | संलग्न बिलअनुसार | ६,००० | २,५०० | २०७८/०७९ को यथावत् |
| केन्द्रीय उपसमिति संयोजक र सदस्यहरू | २,००० | १,००० | संलग्न बिलअनुसार | नभएको | निर्णयअनुसार | २०७८/०७९ को यथावत् |
| शाखा समन्वय उपसमिति संयोजक र सदस्यहरू | १,५०० | ५०० | संलग्न बिलअनुसार | नभएको | निर्णयअनुसार | २०७८/०७९ को यथावत् |

**(ख) प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधाः**

आधारभूत तलब भत्ता (मासिक) : रू. ७८३,८५४.१७
ईन्धन (मासिक) : १८० लिटर
टेलिफोन : बिलअनुसार
गाडी मर्मत : गाडी सुबिधा रकम वा सवारी साधन खरीद मूल्यमध्ये जुन कम हुन्छ, सोको १%
गाडी इन्स्योरेन्स : नियमानुसार
बैठक भत्ता : नभएको
सञ्चय कोष सुविधा : भएको
सञ्चित बिदा : नियमानुसार
औषधि उपचार : नियमानुसार
चाडपर्व खर्च : नियमानुसार
बोनस रकम : बोनस ऐनले तोकेअनुसार

(ग) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा अघिल्लो वर्ष रू. २४,३१२,७८० रहेकोमा गत वर्ष रू. ९,८९३,९७४ थप भएको र रू. १२०,००० खर्च भई अन्त्यमा रू. ३४,०८६,७५४ मौज्दात रहेको पाइयो । उक्त कोषमा जम्मा भएको रकमको उद्देश्यअनुसार खर्च बढाउन सुझाव दिइन्छ ।

***आदरणीय सदस्य महानुभावहरू,***

बैंकको सञ्चालक समिति एवम् लेखासुपरिवेक्षण समितिको गत २०७५ साल पुसमा सम्पन्न निर्वाचन पछि सुरु भएको सञ्चालक समिति र लेखासुपरिवेक्षण समितिको ४ वर्षे कार्यकाल यसै वर्ष समाप्त हुँदै छ । यस अवधिमा लेखासुपरिवेक्षण समितिको तर्फबाट बैंकको संस्थागत हितका अतिरिक्त सदस्य संघ-संस्थाको बैंकसँग जोडिएको सम्पत्तिको सुरक्षालाई प्राथमिकतामा राखेर कार्य गर्दै आएको छ । यस क्रममा लेखासुपरिवेक्षण समितिलाई आवश्यक सहयोग गर्नुहुने सदस्य संघ-संस्था, सञ्चालक समिति, उपसमितिहरू, बैंकको उच्च व्यवस्थापनलगायत सम्पूर्ण कर्मचारीमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दै यस लेखासुपरिवेक्षण समितिको यो चारवर्षे कार्यकालको समीक्षा यहाँहरूमा सुम्पन चाहन्छौँ ।

**अन्त्यमा,**

***बैंकको गरिमामय यस साधारणसभाका आदरणीय प्रतिनिधिज्यूहरू,***

बैंकको लेखासुपरिवेक्षण समितिको चालू वर्षको कार्यसम्पादन दौरानमा निरीक्षण तथा अनुगमनका क्रममा सहयोग पुऱ्याउनुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछौँ । यस सम्मानित सभामा लेखासुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनउपर छलफल गरी अनुमोदन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

धन्यवाद ! जय सहकारी ! ! !

| तारा गुरुङ | मित्रराज दवाडी | लक्ष्मीप्रसाद उप्रेती |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

# आ.व २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन

Shyam Karki & Co.
Chartered Accountants

SAMEEP BHAWAN
Baneshwor - 10, Kathmandu
Phone No 4460357
E-mail skarkinco@gmail.com
VAT No 300844692

## INDEPENDENT AUDITOR'S REPORT
## TO THE SHAREHOLDERS OF NATIONAL COOPERATIVE BANK LTD.

**Opinion**

We have audited the accompanying financial statements of National Cooperative Bank Ltd. (the Bank), which comprise statement of financial position as at Ashad 32, 2079 (July 16, 2022) and statement of profit or loss, statement of comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and a summary of significant accounting policies and notes to the financial statements.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of National Cooperative Bank Ltd. as at Ashad 32, 2079, its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Financial Statements section of our report. We are independent of the Bank and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are matters based on our judgment, are of most significance in the audit of the financial statements of the current period, which were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon. We do not provide separate opinion on these matters.

The results of our audit procedures, including the procedures performed to address the matters below, provides the basis for our audit opinion on the accompanying financial statements.

**Following are the Key Audit Matters:**

| S.No. | Key Audit Matters | How the matters were addressed in our audit |
|---|---|---|
| 1. | **Loan Loss Provision**<br>Ref. Note no. 4.6 and accounting policies to the financial statements. | |
| | The Bank's advances to the co-operative represent 62.84 % of its total assets at the end of the period under review and are stated at Rs. 36.37 billion which is net of provision of Rs. 956.11 million. The provision against advances was identified as a key audit matter as it involves a considerable degree of management judgment and compliance with Directives and Circulars issued by | We applied following procedures in respect of verification of loan loss provision:<br>➢ Review of borrower's files, which includes evaluation of borrowers' repayment behavior, assessment of financial strength based on the available financial statements, adequacy of security/collateral, obtainment of required legal documents and compliance with prudential regulations. |

Page 1 of 4

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

| | | |
|---|---|---|
| | Nepal Rastra Bank and co-operative board. | ➢ Business sites visit of the borrowers on sampling basis.<br>➢ Review of IT system to provide loan loss provision based on overdue payments.<br>➢ On sampling basis, verification of accuracy of provision against non-performing loan calculated by the IT system and manual calculation sampling basis.<br>➢ Evaluation of appropriateness of subjective judgement made by the management for performing loans' borrowers.<br>➢ Review of Board's evaluation and decisions on loans.<br><br>Loan loss provision made by the Bank is considered acceptable. |

**Other Matters**
We did not audit the financial statements and other financial information of the associate companies. Disclosures included in respect of associate companies are based solely on the management certification.

**Other Information**
Management is responsible for other information. Other information comprises the information included in Annual Report and Report of Board of Directors but does not include the financial statements and our reports thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistence with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appear to be materially misstated. When we read the annual report, if we conclude that there is material misstatement, therein, we are required to request management and those charged with governance to correct the material misstatement.

**Responsibilities of the Management and Those Charged with Governance for the Financial Statements**
Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations or has no realistic alternative but to do so, those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**
उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ, जब सूचीकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Priceमा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनका लागि बजार सक्रिय छैन भने वित्तीय संस्थाले मूल्याङ्कन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मूल्याङ्कन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Priceमा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ ।

### ३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)

प्रत्येक प्रतिवेदन मितिमा सहकारी बैंकले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै सङ्केत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात् घाटाको निर्धारण गर्दा विशेष गरी व्यवस्थापनले नगद प्रवाहको रकम र समयको आँकलन गर्नु आवश्यक हुन्छ । यस्ता अनुमानहरू धेरै कारकहरू प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरूमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्छन् ।

नोक्सानीको व्यक्तिगत मूल्याङ्कन आर्थिक सम्पत्तिमा लागू हुन्छ, जुन नोक्सानीका लागि व्यक्तिगत रूपमा मूल्याङ्कन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मूल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खूद मूल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्याङ्कन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्यक्तिगत मूल्याङ्कनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मूल्यको अनुमान र यस मूल्याङ्कनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मूल्य गणनाको अर्थ हो ।

सहकारी बैंकले नोक्सानीको व्यक्तिगत मूल्याङ्कनका लागि नेपाल राष्ट्र बैंकको निर्देशिकाबमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरू समावेश गरेको छ । यसै सन्र्दभमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । सहकारी बैंकले यी दुवै अवस्थामा परम्परागत मान्यताअनुरूप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, सहकारी बैंकको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्दछ ।

व्यक्तिगत रूपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरूलाई सामूहिक कर्जा नोक्सानी मूल्याङ्कन गरिएको छ ।

सामूहिक नोक्सानीको आँकलन गर्दा सहकारी बैंकले ऋण नतिर्ने सम्भावना (Probability of deault), पुनःस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्याङ्कीय विष्लेषण, प्रोडक्ट, जोखिम कारकहरू, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सूचनाअनुसार सहकारी बैंकले कर्जा तथा सापटीमा हुने हानि-नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र NAS ३९ को अनुच्छेद ६३बमोजिम निर्धारण गरिएको रकममध्ये जुन बढी छ, त्यसैलाई लेखाङ्कन गरिएको छ । NFRS / NRBबमोजिमको व्यवस्था निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**NFRS बमोजिम ब्यवस्था**

*(रकम रू.)*

| विवरण | आ.व. २०७८/७९ |
|---|---|
| एकल हानि-नोक्सानी (Individual Impairment) | ८,७२९,१८३ |
| सामूहिक हानि-नोक्सानी (Portfolio Impairment) | ३४७,३७३,०४४ |
| NFRSबमोजिम ब्यवस्था | ३५६,१०२,२२७ |

**NRB बमोजिम ब्यवस्था**

*(रकम रू.)*

| विवरण | आ.व. २०७८/७९ |
|---|---|
| असल | ४७३,२२९,६९४ |
| सूक्ष्म निगरानी | ४,४१७,५६९ |
| पुनर्संरचना र पुनर्तालिकीकरण | – |
| कमसल | ८०,००८,००३ |
| शंकास्पद | ४८,६१४,२१८ |
| खराब | ३४९,८४१,८६३ |
| अतिरिक्त कर्जा नोकसानी व्यवस्था | – |
| **NRB बमोजिमको व्यवस्था** | ९५६,१११,३४९ |
| **NRB बमोजिमको बढी व्यवस्था** | ६००,००९,१२२ |

### ३.४.३ बिक्रीका लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)

जब बिक्रीका लागि उपलब्ध इक्विटी लगानी व्यापकरूपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउँदछ वा उक्त लगानीको फेयर भ्यालुलागत मूल्यभन्दा तल झर्छ, तब सहकारी बैंकले बिक्रीका लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

### ३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)

सहकारी बैंकले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरूलाई यस शीर्षकमा देखाइएको छ । अन्य व्यापारिक सम्पत्तिहरूमा गैरव्युत्पन्न वित्तीय सम्पत्तिहरू (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरूले जारी गरेका ऋणपत्रहरू, ट्रेजरी बिलस, इक्विटी आदि व्यापारिक प्रयोजनका लागि राखिएको छ ।

### ३.५ स्थिर सम्पत्ति तथा कार्यालय उपकरण

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरू एक वर्ष वा सोभन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नका लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगका लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । बैंकले NAS 16 – "Property, Plant & Equipment"को व्यवस्थाअनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

सहकारी बैंकको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.११ मा प्रस्तुत गरिएको छ

सहकारी बैंकलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model)मा लेखाङ्कन तथा प्रस्तुत गर्ने बैंकको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा-नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

सहकारी बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगका लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, बैंकले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घटदो मूल्य प्रणाली (Written Down Value)अनुसार ह्रासकट्टी गर्ने गरेको छ। सहकारी बैंकका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्नबमोजिम छ ।

| सम्पतिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| सवारीसाधन | ५ वर्ष |
| फर्निचर | ४ वर्ष |
| कम्प्युटर | ४ वर्ष |
| कार्यालय उपकरण | ४ वर्ष |
| लिजहोल्ड सम्पत्ति | ५ वर्ष |

बैंकले रू.५,०००।- सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरू खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरू पुँजीकृत नगरी सोझै सोही वर्ष खर्च लेख्ने नीति लिएको छ । यस्तो सामानहरूको छुट्टै सूची सञ्चालन विभागले तयार गरी पारदर्शी रूपमा राख्ने गरेको छ ।

### ३.६ अमूर्त सम्पत्ति कम्प्युटर सफ्टवेयर (Intangible Assets)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरूले भविष्यमा आर्थिक रूपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरूलाईसमेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरू ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ ।

### ३.७ सम्बद्ध निकायमा लगानी

NAS 39 को व्यवस्थाबमोजिमसम्बद्ध कम्पनीमा लगानीलाई equity method बाट मूल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यावहारिक हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा लगानीलाई मूल्याङ्कन गरेको छ । हाल बैंकको कुनै पनी सम्बद्ध कम्पनीमा लगानी नरहेको जानकारी गरिन्छ ।

### ३.८ लगानी उद्देश्यका स्थिर सम्पत्ति (Investment Properties)

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमिन वा बिल्डिङ वा दुवैलाई NAS 16 – Property, Plant & Equipmentबमोजिम पहिचान गरी NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operationsअन्तर्गत बिक्रीका लागि राखिएका लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई जनाउँछ । हाल बैंकसँग रू. ९०,५०२,४५२ बराबरको लगानी सम्पत्ति र सो सम्पत्तिका लागि जम्मा हानि-नोक्सानी व्यवस्था रू. ५,९१३,९४९ कायम गरी खुद लगानी सम्पत्ति रू. ८४,५८८,५०३ मा रहेको छ ।

### ३.९ आयकर (Income Tax)

बैंकले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधानबमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सोसमेत समावेश गरिन्छ ।

### क) चालू आयकर (Current Tax)

हालका कर सम्पत्तिहरू र दायित्वहरू तथा अघिल्ला वर्षहरूका बुझाउन बाँकी रहेका कर दायित्वहरू यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरू यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक वर्षमा करको रूपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरू, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन । चालू आयकरसम्बन्धी थप जानकारी बुँदा नं ४.३९ मा प्रस्तुत गरिएको छ ।

### ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च)को लेखाङ्कन गरिन्छ । स्थगन करसम्बन्धीको थप जानकारी बुँदा नं ४.१३ मा प्रस्तुत गरिएको छ ।

*(रकम रू.)*

| विवरण | स्थगन कर सम्पत्ति | स्थगन कर दयित्व | आ.व. २०७८/७९ खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
|---|---|---|---|
| अस्थायी भिन्नताको आधारमा स्थगन कर | – | – | – |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा | – | – | – |
| सदस्यलाई कर्जा असुली हुन बाँकी ब्याज | (६,२४१,४२२) | – | – |
| लगानी सम्पत्ति | (८,४५८,८५०) | – | – |
| सुरक्षणपत्रमा लगानी | – | – | – |
| सम्बद्ध कम्पनीमा लगानी | – | – | – |
| ROU सम्पति | (२०,१५९,९५३) | – | – |
| सम्पत्ति र उपकरण | (३,५७७,१८३) | – | – |
| उपदान दायित्व | – | (१,९१५,४९८) | – |
| सञ्चित बिदाबापतको दायित्व | – | (७,२७०,६८९) | – |
| पट्टासम्बन्धी दायित्व | – | २२,८१९,२९६ | – |
| कर्जा नोक्सानी व्यवस्था | – | | – |
| अन्य अस्थायी भिन्नता | – | २,१६९,९१० | – |
| अन्य अस्थायी भिन्नतामा स्थगन कर | – | | – |
| व्यवसायबाट व्यहोर्नु परेको विगतका आर्थिक वर्षहरूको कट्टी हुन नपाएको नोक्सानी | – | | – |
| करको दरमा भएको परिवर्तनबाट स्थगन कर | – | | – |
| **२०७९ असार ३१ को खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | (३८,४३७,४१०) | १५,८०३,०१९ | (२२,६३४,३९०) |
| **२०७८ साउन १ को स्थगन कर सम्पत्ति/(दायित्व)** | – | – | (२४,०५४,७५१) |
| **Right Of Use Assets को सुरु समायोजन** | – | – | १,८२२,७४३ |
| **२०७८ साउन १ को स्थगन कर सम्पत्ति/(दायित्व)** | – | – | (२२,२३२,००७) |
| चालू वर्षमा बढेको/(घटेका) | – | – | (४०२,३८३) |

| | | | |
|---|---|---|---|
| | – | – | – |
| नाफा अथवा नोक्सानमा लेखाङ्कन भएको स्थगन कर (खर्च)/आम्दानी | – | – | ६८१,४८८ |
| अन्य विस्तृत आम्दानीमा लेखाङ्कन भएको स्थगन कर (खर्च)/आम्दानी | – | – | (१,०८३,८७१) |
| क्विटीमा प्रत्यक्ष लेखाङ्कन भएको स्थगन कर खर्च/(आम्दानी) | – | – | – |

### ३.१० व्यवस्थाहरू तथा सम्भावित दायित्वहरू (Provisions and Contigent Liabilities)

सहकारी बैंकले सम्भावित दायित्वहरूको पहिचान तथा व्यवस्थाहरू लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assetsको प्रावधानबमोजिम गर्ने गरेको छ । सम्पूर्ण प्रतितपत्र, बैंक जमानत वापतको सम्पूर्ण रकम नेपाल राष्ट्र बैंकको निर्देशिकाअनुसार सम्भावित दायित्वअन्तर्गत देखाइन्छ । सम्भावित दायित्वहरूको थप जानकारी बुँदा नं ४.२६ मा प्रस्तुत गरिएको छ ।

विगतका घटनाहरूको परिणामस्वरूप सहकारी बैंकको वर्तमानमा सिर्जित कुनै दायित्वहरू छन्, जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नका लागि स्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रूपमा लेखाङ्कन गरिएको छ ।

### ३.११ आम्दानी लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूका क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरूले इक्विटी सहभागीहरूको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ति सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखाङ्कन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा ब्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकाइन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

#### क) ब्याज आम्दानी

ब्याज आम्दानीमा कर्जा लगानी, नाफा-नोक्सानको माध्यमबाट FairValue मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त ब्याज रकमहरू समावेश हुन्छन ।

कर्जा लगानीमा प्राप्त ब्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी ब्याज विधिको नजिक हुने गर्छ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरूमा पाउने ब्याजलाई प्रभावकारी ब्याज गणना विधिमा समावेश गरिँदैन । सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने ब्याज आम्दानीलाई प्रभावकारी ब्याज गणना विधिको मान्यता दिइन्छ ।

#### ख) शुल्क तथा कमिसन आम्दानी

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात् वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिसन आम्दानी प्राप्त हुने गर्छ र यसलाई आर्जित आयका रूपमा मान्यता दिइन्छ ।

#### ग) लाभांश आम्दानी

सहकारी बैंकलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

#### घ) खुद व्यापारिक आम्दानी

सहकारी बैंकले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षकअन्तर्गत प्रस्तुत गरिन्छ। बैंकले विदेशी मुद्राको खरिद तथा बिक्रीबाट हुने आम्दानी वा घाटालाई समेत यही शीर्षकअन्तर्गत प्रस्तुत गरिन्छ।

### ङ) अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिसन आम्दानी तथा व्यापारिक आम्दानीअन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षकअन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । यससम्बन्धी थप विवरण बुँदा नं. ४.३२ मा प्रस्तुत गरिएको छ ।

### ३.१२ ब्याज खर्च

सदस्यहरूको निक्षेप खाता, बैंकले जारी गरेको ऋणपत्रहरू र बैंकले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । यससम्बन्धी थप जानकारी बुँदा नं. ४.२८ मा प्रस्तुत गरिएको छ ।

### ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले सहकारी बैंकलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनका लागि बैंकले NAS 19 – “Employee Benefits” को प्रावधानबमोजिम गरेको छ ।

### क) उपदान तथा सञ्चय कोष

सहकारी बैंकले सेवानिवृत्त लाभहरूको रूपमा कर्मचारीहरूलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ ।

परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जसअन्तर्गत सहकारी बैंकले योगदानलाई छुट्टै शीर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ । परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो ।

यस आर्थिक वर्षमा कुल जम्मा रू २८,१६७,७६१ को उपदानको खर्चको रहेको छ ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजनाअन्तर्गत हो, जसमा सहकारी बैंक र कर्मचारीले दुवै पूर्व निर्धारित दरअनुसार मासिक रूपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् । यस आर्थिक वर्षमा कुल जम्मा रू. १३,८३०,११७ को कर्मचारी सञ्चय कोष खर्चको रहेको छ ।

बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूका लागि विमाङ्कीय मूल्याङ्कनबमोजिम उपदान व्यवस्था गरिएको छ ।

### ख) सञ्चित बिदा

बैंकले सञ्चित बिदा सुविधा यसको कर्मचारी सेवा विनियमावलीबमोजिम प्रदान गर्ने गर्छ । घर र वार्षिक बिदा १५० दिनसम्म सञ्चित गरिएको छ भने बिरामी बिदा जति दिनसम्म पनि सञ्चित गर्न सकिनेछ । यी दुबै बिदामध्ये कुनै पनि बिदा नब्बे दिनभन्दा बढी सञ्चित भएमा सो बिदाबापत रकम प्रत्येक वर्षको असार महिनामा नगद भुक्तानी गरिन्छ । बिदाबापतको दायित्वको गणना गर्न बैंकले Actuarial Valuation गरेको छ जसअनुसार यस वर्ष रू. २,१२३,५२५ खर्च देखाइएको छ ।

### ग) कर्मचारी बोनस

बोनस ऐन, २०७४बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । कर्मचारी बोनसका लागि कर अधिको खुद नाफाको १० प्रतिशत रकमको व्यवस्था गरिएको छ ।

### ३.१४ पट्टा (NFRS 16:Lease)

#### Institution as a lessee

सम्पत्तिको सबै जोखिम र लाभहरू बैंकको नाममा स्थानान्तरण नहुने पट्टाहरू सञ्चालन पट्टा हुन् । सम्पति प्रयोगको अधिकारका लागि नाफा वा नोक्सान विवरणमा देखाइने खर्च ह्रास कट्टी र पट्टा भुक्तानीको ब्याज को रूपमा देखाइएको छ ।

संस्थाले पट्टाका लागि NFRS १६ अपनाएको छ । NFRS १६ को अनुच्छेद C5(b) बमोजिम यस लेखामान लागू भएपश्चात् आउने समायोजनको सञ्चित प्रभावलाई लेखामान लागू भएको मितिमा राखिएको कमाइको रकममा समायोजन गरिएको छ । NFRS

१६ बमोजिम पट्टा दायित्वको समायोजनका लागि छुटको दर ९.३२% कायम गरिएको छ । पट्टामा अन्तर्निहित सम्पत्ति (ROU) र पट्टा दायित्वको परिवर्तन निम्नानुसार रहेको छ :

(रकम रू.)

| | |
|---|---|
| यस वर्षको ह्रासकट्टी | ३१,४१२,०९२.५७ |
| ROU को असार ३२, २०७९ मा रहेको मौज्दात | २०१,५९९,५३६.०१ |

| | |
|---|---|
| वित्तीय (ब्याज) खर्च | १९,५७५,६०२ |
| पट्टा दायित्वको असार ३२, २०७९ मा रहेको मौज्दात | २२८,१९२,९६७ |

NFRS १६ वमोजिमको लेखामान लागू भएपश्चात् आएका समायोजन निम्न रहेको छ :

- NFRS १६ को लेखामान लागू गरेको मिति २०७८/०४/०१ गतेको सञ्चित मुनाफा रकममा रू.१६,४०४,६९४ को समायोजन रहेको छ । उक्त समायोजन यस वर्षको इक्विटीमा भएको परिवर्तनको विवरणमा रहेको सञ्चित मुनाफामा रहेको छ ।
- यस लेखामान लागू भएपश्चात् मिति २०७८/०४/०१ गतेको स्थगन कर सम्पत्तिमा रू.१,८२२,७४३ को समायोजन रहेको छ ।

### ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रूपैयाँमा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रूपैयाँमा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.१६ शेयर पुँजी तथा कोषहरू

#### ३.१६.१ शेयर पुँजी

बैंकका साधारण शेयरधनीहरूले वार्षिक साधारणसभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ । बैंकको साधारण शेयरबाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

#### ३.१६.२ जगेडा कोषहरू

कोषमा सञ्चित मुनाफा, साधारण जगेडा कोष, चुक्ता पुँजी कोष, विनिमय समीकरण कोष, नियामक जगेडा कोष, लगानी समायोजन कोष, पुँजी फिर्ता जगेडा कोष, सहकारी प्रवर्द्धन कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, लगानी समायोजन कोष, सहकारी शिक्षा कोष, सामाजिक उत्तरदायित्व कोष, कमर्चारी दक्षता तथा अभिवृद्धि कोष आदि पर्छन् ।

#### ३.१६.३ साधारण जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६८बमोजिम खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

#### ३.१६.४ पूंजी फिर्ता जगेडा कोष

सहकारी ऐन २०७४, को दफा ६९बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चात्को खुद मुनाफाको २५% रकम पूंजी फिर्ता जगेडा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

#### ३.१६.५ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन २०७४, को दफा ७०बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चात्को खुद मुनाफाको ०.५% रकम सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.६ घाटापूर्ति कोष

सहकारी नियमावली २०७५ को दफा २७बमोजिम खुद मुनाफाबाट **साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे**पश्चात्को मुनाफाको ५ % रकम घाटापूर्ति कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.७ सामुदायिक विकास कोष

सहकारी नियमावली २०७५ को दफा २७बमोजिम खुद मुनाफाबाट **साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे**पश्चात्को मुनाफाको ५ % रकम सामुदायिक विकास कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.८ सहकारी शिक्षा कोष

सहकारी नियमावली २०७५ को दफा २७बमोजिम खुद मुनाफाबाट **साधारण जगेडा कोष, पुँजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे**पश्चात्को मुनाफाको ५% रकम सहकारी शिक्षा कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.९ सहकारी विकास कोष

सहकारी नियमावली २०७५ को दफा २७बमोजिम खुद मुनाफाबाट **साधारण जगेडा कोष, पूंजी फिर्ता जगेडा कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे**पश्चात्को मुनाफाको ५ % रकम सहकारी विकास कोषमा सार्ने नीति रहेको छ । सो व्यवस्थाबमोजिम बैंकले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

### ३.१६.१० नियमनकारी कोष (Regulatory Reserve)

NFRSबमोजिमको लेखा नीति अपनाउने क्रममा नेपाल राष्ट्र बैंकको निर्देशिकामा भएको व्यवस्थाबमोजिम संस्थाको मुनाफाबाट छुट्याई खडा गरेको कोष हो । यस शीर्षकमा भएका कोषको रकमबाट लाभांश वितरण गर्न पाईदैन । यस कोषमा पाकेको तर प्राप्त नभएको ब्याज, नेपाल राष्ट्र बैंकको निर्देशन र NFRS मा भएको व्यवस्थाबमोजिम कर्जा नोक्सानी बापत छुट्याइएको रकमबीचको अन्तर रकम, स्थगन करबापतको रकम, अन्य व्यापक आयमा पहिचान भएको वास्तविक नोक्सान बापतको रकम, NFRSअनुसार पहिचान भएको ख्यातिबापतको रकमहरू पर्छन् ।

यस आर्थिक वर्षमा निम्नानुसार नियमनकारी कोष (Regulatory Reserve) रहेको छ ।

| विवरण | रकम (रू.) |
|---|---|
| प्राप्त नभएको ब्याज | ५९,७०७,०५८ |
| सम्पत्तिमा लगानी | ७६,१२९,६५२ |
| बिमाङ्किक नोक्सान | २३,२०१,९९० |
| स्थगन कर | - |
| **जम्मा** | १५९,०३८,७०० |

### ३.१६.११ बजार मूल्य कोष (Fair Value Reserve)

NFRS बमोजिम Fair Value Reserveमा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पुनर्मूल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

### ३.१६.१२ अन्य कोष

#### क) संस्थागत सामाजिक उत्तरदायित्व कोष

औद्योगिक उद्यम ऐनको निर्देशनबमोजिम हरेक आर्थिक वर्षको मुनाफाको कम्तीमा पनि १ प्रतिशत रकम रकमान्तर गरी संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गर्नुपर्ने व्यवस्था गरेको छ । यस कोषबाट बैंकले आगामी वर्षमा आफ्नो संस्थागत सामाजिक

उत्तरदायित्व पूरा गर्न सक्नेछ । आगामी वर्षहरूमा संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च हुने रकम यस कोषबाट सञ्चित नाफा/(नोक्सान) मा रकमान्तर गरिने छ ।

यस आर्थिक वर्षमा निम्नानुसार **संस्थागत सामाजिक उत्तरदायित्व कोष** रहेको छ ।

| विवरण | रकम (रू.) |
|---|---|
| सुरूको मौजदात | २४,३१२,७८० |
| यस आर्थिक वर्षमा सिर्जना भएको | ९,८९३,९७४ |
| यस कोषबाट उपयोग भएको | (१२०,०००) |
| **अन्तिम मौजदात** | ३४,०८६,७५४ |

### ख) लगानी समायोजन कोष

यस आर्थिक वर्षमा बिक्रीका लागि कुनै लगानी उपलब्ध नभए पनि लगानी समायोजन कोषमा १०,००० राखिएको छ ।

### ३.१७ प्रतिशेयर आम्दानी

बैंकले NAS 33 – "Earnings Per Share"को प्रावधानबमोजिम आधारभूत प्रतिशेयर आम्दानी(Earnings Per Share)को गणना गर्ने गरेको छ ।

### ३.१८ प्रस्तावित लाभांश

सहकारी बैंकको सञ्चालक समितिको मिति २०७९/०५/२३ मा बसेको बैठकले सहकारी बैंकका शेयरधनीहरूलाई २०७८/७९ को नाफाबाट १५ प्रतिशतबराबरको नगद लाभांश प्रदान गर्ने निर्णय गरेको छ, जुन वितरणका लागि वार्षिक साधारणसभाबाट पारित हुन आवश्यक हुन्छ ।

### ३.२० अन्तरिम वित्तीय रिपोर्टिङ्ग (Interim Financial Reporting)

वित्तीय विवरणसंग सम्बन्धित अन्तरिम रिपोर्टहरू नियामक रिपोर्टिङ आवश्यकताबमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरू राष्ट्रियस्तरको पत्रिकामा त्रैमासिक रूपमा प्रकाशित गरिएको छ । NFRS ले प्रदान गरेको छुट सुविधा उपयोग गर्दै सहकारी बैंकले अघिल्लो वर्षका तथ्याङ्कहरूलाई Reinstatement गरेको छ ।

## ५. प्रस्टीकरण तथा थप जानकारीहरू

### ५.१ जोखिम व्यवस्थापन

बैंकले उचित जोखिम व्यवस्थापन गर्नका लागि हालै सुदृढ जोखिम व्यवस्थापन विभाग गठन गरेको छ । बैंकको जोखिम ग्रहण गर्न सक्ने क्षमता तथा विधि बारेमा व्यवस्थापन तथा बोर्ड बैठकमा विस्तृत रूपमा छलफल हुने गरेको छ । विभागले विश्वव्यापी, सूक्ष्म र विभागीयस्तरको जोखिमको निरीक्षण गर्छ, जुन दैनिक व्यवसाय सञ्चालनबाट आवधिक रूपमा उत्पन्न हुन्छ ।

### क) जोखिम व्यवस्थापन समिति

संस्थागत सुशासनसम्बन्धी राष्ट्र बैंकको निर्देशनअनुरूप बैंकले प्रस्ट परिभाषित सर्तसहित जोखिम व्यवस्थापन समिति गठन गरेको छ । सञ्चालक समितिले सहकारी बैंक भित्रको प्रभावकारी व्यवस्थापनका लागि जोखिम अवस्था सीमाको आधारमा रणनीति, नीति तथा प्रक्रियाको सुनिश्चितता गर्छ । सञ्चालक समितिले वित्तीय संस्थाको जोखिमको प्रकृति बुझी आवधिक रूपमा जोखिम व्यवस्थापनको प्रतिवेदन समीक्षा गर्ने गर्छ, जोखिम व्यवस्थापन समिति र सम्पत्ति दायित्व व्यवस्था एवम् समितिको प्रतिवेदनको आधारमा नीति, मापदण्ड, तरलता तथा पुँजी पर्याप्तता समावेश गर्छ । समितिले सहकारी बैंकको समग्र जोखिम व्यवस्थापनलाई तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम र कर्जा जोखिमको रूपमा वर्गीकृत गरेको छ ।

### ख) जोखिम शासन

वित्तीय संस्थाले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिवृद्धि, प्रस्ट रूपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत वित्तीय संस्थाले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ ।

यसको जोखिम व्यवस्थापन प्रारूपको माध्यमबाट, वित्तीय संस्थाले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा वित्तीय संस्थाको क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठासम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्छ ।

जोखिमसम्बन्धी नीतिको स्थापना र अनुपालनका लागि जोखिम व्यवस्थापन समिति जिम्मेवार छ ।

### ग) आन्तरिक नियन्त्रण

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी वित्तीय संस्थामा उचित आन्तरिक नियन्त्रण प्रारूप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ । वित्तीय संस्थाको विभिन्न कार्यहरूको विस्तार र बृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नुपर्छ, जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ ।

आन्तरिक लेखापरीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचनाप्रणाली लेखापरीक्षण, साइट समीक्षा, AML / CFT र KYC लेखापरीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षणमार्फत वित्तीय संस्थामा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्छ । लेखापरीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समितिसमक्ष समीक्षाका लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ ।

### ५.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको सहमति सर्तहरूबमोजिम वित्तीय संस्थालाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको अक्षमताको कारण नोक्सानीको सम्भावना हो ।

वित्तीय संस्थाभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारूप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारूपलाई कर्जा जोखिम न्यूनीकरणका लागि तयार पारिएको छ ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि वित्तीय संस्थाले विभिन्न प्रणाली, नीतिहरू, प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । प्रत्येक प्रकारको ऋणका लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, विभिन्न सदस्य जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको सङ्ग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ ।

### ५.१.२ बजार जोखिम

वित्तीय संस्थाको वासलातमा रहेको र वासलातबाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो, जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fairvalue घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार ब्याजदर (ब्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

### अ) मुद्रा जोखिम

विदेशी मुद्रा सटही जोखिमका कारण बैंकको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमा अस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ । वित्तीय विवरण तयार पार्ने मितिसम्म बैंकले विदेशी मुद्रालाई लिन र दिन सकिने मानेको छ ।

### आ) ब्याजदर जोखिम

ब्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fairvalue वा भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुने गर्छ ।

### इ) मूल्य जोखिम

मूल्य जोखिम त्यस्तो जोखिम हो, जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले ब्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारण तलमाथि हुन्छ । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ । निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुन सक्छ, जसको मूल्य बजार मूल्यमा भएको परिवर्तनअनुसार तलमाथि हुन्छ ।

### ५.१.३ तरलता जोखिम

ब्याजदर वा सुरक्षणपत्र (इक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतारचढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकूल परिवर्तनको कारण सहकारी बैंकले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले बैंकको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले सहकारी बैंकको वित्तीय अवस्थालाई प्रतिकूल प्रभाव नपारी दायित्व पूरा गर्ने सहकारी बैंकको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र सहकारी बैंकको प्रतिकूलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरू पूरा गर्न बैंकले कठिनाइ भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ ।

### ५.१.४ सञ्चालन जोखिम

सञ्चालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य आपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा बाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो ।

सञ्चालन जोखिमलाई जोखिम पहिचान, मूल्याङ्कन, नियन्त्रण र अनुगमनको माध्यमबाट व्यवस्थापन गरिन्छ । संस्थाको सञ्चालन जोखिम नियन्त्रणका लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनिमयावली, सञ्चालन निर्देशिका, AML/CFT नीति, शङ्कास्पद कारोबार पहिचान प्रक्रिया र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ ।

### ५.२ पुँजी व्यवस्थापन

### ५.२.१ गुणात्मक खुलासा

वित्तीय संस्थाले पुँजी पर्याप्ततालाई नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनअनुसार कायम राखेको छ । असार २०७९ को पुँजी पर्याप्तता अनुपात प्राथमिक पुँजीमा १२.२१% र पुँजीकोषमा १३.३९% (प्रस्तावित नगद लाभांश भन्दा अघिको) रहेको छ ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा वित्तीय संस्थाको वर्तमान र भविष्यको पुँजी आवश्यकताहरू सुनिश्चित गर्न सञ्चालक समिति मुख्य रूपले उत्तरदायी हुनेछ । व्यवस्थापनले बैंकले व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको विभिन्न जोखिमहरूको प्रकृति र स्तरको समीक्षा गरी सोहीअनुरूप प्रत्येक जोखिम कारकलाई नियन्त्रण गर्ने उपायहरू निर्दिष्ट हुने गरी जोखिम व्यवस्थापन अवधारणा तयार पार्छ ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| केदार मानन्धर<br>सञ्चालक | पार्वती थापा मगर<br>सञ्चालक | अमृता सुब्बा<br>सञ्चालक | ज्ञानबहादुर तामाङ<br>सञ्चालक | रामहरि बजगाईं<br>सञ्चालक | रामबहादुर जि.सी.<br>सञ्चालक | हरिहरनाथ योगी<br>सञ्चालक | के.बी. उप्रेती<br>अध्यक्ष | सि.ए. श्याम कार्की<br>श्याम कार्की एन्ड कम्पनी<br>चार्टर्ड एकाउन्टेन्ट्स |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मनोज खड्का<br>ना. प्रमुख कार्यकारी अधिकृत | बद्रीकुमार गुरागाईं<br>प्रमुख कार्यकारी अधिकृत | विजया धिताल<br>सञ्चालक | शिवा थापा<br>सञ्चालक | विश्वनाथ मण्डल<br>सञ्चालक | माधवलाल देवकोटा<br>सञ्चालक | महेन्द्रकुमार गिरी<br>सञ्चालक | ध्रुवनारायण यादव<br>सञ्चालक |

मिति : २०७९/०६/२७
काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
## शाखा कार्यालयहरूको विवरण

| क्र.सं. | प्रदेश | शाखा सूची | शाखा कार्यालय प्रमुख | फोन नम्बर | शाखा प्रमुखको नम्बर |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | विराटनगर | प्रभु पोखरेल | ०२१-५९०१४५ | ९८४२१८८५१८ |
| २ | | उर्लाबारी | विनोद चुडाल | ०२१-५४३९६५ | ९८४२३३३५६८ |
| ३ | | इटहरी | चिरन्जीवी तिम्सिना | ०२५-५८७७६७ | ९८४२२४८४८६ |
| ४ | | दमक | मुना के.सी. | ०२३-५९०४३१ | ९८४९९५७७९६ |
| ५ | | बिर्तामोड | विवेक डाँगी | ०२३-५४०६३३ | ९८५१०५४०५६ |
| ६ | | धरान | सम्झना दाहाल | ०२५-५२५४७९ | ९८४२३५१२१० |
| ७ | | इलाम | मनोज लामिछाने | ०२७-५२४९२४ | ९८६०९२२७१६ |
| ८ | | धनकुटा | रोजन गुरूङ | ०२६-५२२७९३ | ९८४४६००२९१ |
| ९ | | फिदिम | सुमनकुमार श्रेष्ठ | ०२४-५२३११९ | ९८४२४४५८३६ |
| १० | | इनरूवा | प्रेमकुमार श्रेष्ठ | ०२५-५६५०६५ | ९८६६७७६४०३ |
| ११ | | मेचीनगर | मुना घिमिरे | ०२३-५६४६६४ | ९८४२६२६६५५ |
| १२ | | सुन्दरहरैचा | अर्जुन कार्की | ०२१-५४७९३९ | ९८५२६८०७२५ |
| १३ | मधेश प्रदेश | राजविराज | चन्द्रमणि भट्टराई | ०३१-५३३६९९ | ९८६६७८११९२ |
| १४ | | जनकपुर | विष्णुप्रसाद पराजुली | ०४१-५३०२०९ | ९८६२९३६६९५ |
| १५ | | कलैया | श्याम न्यौपाने | ०५३-५५०२९२ | ९८४५२२७४७१ |
| १६ | | सिमरा | सुरेश लागे | ०५३-५२१०३८ | ९८४९१२९४६९ |
| १७ | | वीरगन्ज | सञ्जयकुमार महतो | ०५१-५२१११९ | ९८६४०६८९४६ |
| १८ | | चन्द्रनिगाहापुर | रूपा थापा | ०५५-५४०२८६ | ९८४९३७३२५२ |
| १९ | | हरिवन | नारायण लामिछाने | ०४६-५३०३३० | ९८४९६३०२१७ |
| २० | | बर्दिवास | राजेश थापा | ०४४-५५०६१६ | ९८४९५६४३७१ |
| २१ | | लहान | समीर श्रेष्ठ | ०३३-५६५२३३ | ९८६२९४३२२५ |
| २२ | बागमती प्रदेश | मुख्य शाखा | सुनील महर्जन | ०१-५१८०२६३ | ९८४१४१९९०१ |
| २३ | | लगनखेल | रमा घिमिरे | ०१-५५५४८७९ | ९८५१२३०००८ |
| २४ | | चापागाउँ | रामशरण सापकोटा | ०१-५२६५५८४ | ९८४१६४४०६४ |
| २५ | | नयाँ बानेश्वर | विष्णु गिरी | ०१-४५६१९०७ | ९८४१४५८३२० |
| २६ | | चाबहिल | जानुका नेपाल | ०१-४४७५४७५ | ९८४३३६७३०८ |
| २७ | | गोंगबु | विनोद भट्टराई | ०१-४९६४६३४ | ९८५१०५४०८१ |
| २८ | | कलङ्की | रामकुमार तिमल्सिना | ०१-५२३५१९९ | ९८५११२६१४८ |
| २९ | | न्युरोड | केदारनाथ उप्रेती | ०१-५३१६०२२ | ९८५१०१०८१५ |
| ३० | | ठिमी | सीता भट्टराई | ०१-५०९३०१८ | ९८५१०७१८७६ |
| ३१ | | चरिकोट | हेमन्त चौलागाई | ०४९-४२१८७३ | ९८५१००२११९ |
| ३२ | | बनेपा | वीरबल राजवंशी | ०११-६६१०६३ | ९८५२६७९६३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | बागमती प्रदेश | सिन्धुली | रेगन बर्तौला | ०४७-५२०६४५ | ९८४३४७३८०४ |
| ३४ | | नुवाकोट | प्रदीप अर्याल | ०१०-५६०९६६ | ९८४१०८६९९७ |
| ३५ | | हेटौंडा | रामेश्वर अर्याल | ०५७-५२६९५५ | ९८४९११०८९२ |
| ३६ | | कमलविनायक | सुनिता गौतम | ०१-६६२०५०५ | ९८४००७०३६६ |
| ३७ | | कीर्तिपुर | समीर मानन्धर | ०१-५९००६८० | ९८५१२८२८२४ |
| ३८ | | कालीमाटी | दिव्यकुमार के.सी. | ०१-५३८३४०४ | ९८५१२०५७३९ |
| ३९ | | जोरपाटी | सुमित्रा अधिकारी | ०१-४९१५३२८ | ९८६०१३११७५ |
| ४० | | सूर्यविनायक | दिनेश गेलाल | ०१-६६२०५०६ | ९८४१९११९७५ |
| ४१ | | इमाडोल | अनुजा सैंजु | ०१-५२०४०८६ | ९८४३५९०७०० |
| ४२ | | नारायणगोपाल चोक | सिद्धिकुमार श्रेष्ठ | ०१-५९०७८१६ | ९८४१४६२८३२ |
| ४३ | | बलम्बु | कला थपलिया | ०१-४३१६५९५ | ९८४१६९४२०४ |
| ४४ | | नयाँबजार | लोकेन्द्र के.सी. | ०१-४३५३३२४ | ९८५१०३९८०७ |
| ४५ | | पुतलीसडक | अरुणा अधिकारी | ०१-४१६८६८७ | ९८४१६२८६३३ |
| ४६ | | कोटेश्वर | शैली खड्का | ०१-५९०८६२८ | ९८६०२९८५७६ |
| ४७ | | टाँडी | नरेश कामती | ०५६-५९५४०६ | ९८४३०१६०८५ |
| ४८ | | भरतपुर | सन्तोष ढकाल | ०५६-४९०२६६ | ९८५११९९९७६ |
| ४९ | गण्डकी प्रदेश | दमौली | उपेन्द्र दाहाल | ०६५-५६५२५२ | ९८५११६८५०५ |
| ५० | | पोखरा | नरेश पाण्डे | ०६१-५८९४०४ | ९८५७०४१६९९ |
| ५१ | | वालिङ | टीकाराम अधिकारी | ०६३-४४१६३३ | ९८५६०३३०७७ |
| ५२ | | बाग्लुङ | युवराज त्रिपाठी | ०६८-५२२५२९ | ९८५५०२४७७५ |
| ५३ | | पुतलीबजार | पुष्पा क्षत्री | ०६३-४२४५८९ | ९८४६६४५६३५ |
| ५४ | | तालचोक | सन्तोष घिमिरे | ०६१-५६३७२७ | ९८५६०३४२९३ |
| ५५ | | कावासोती | रूक्मत श्रेष्ठ | ०७८-५४०४८१ | ९८५७०४१५१९ |
| ५६ | लुम्बिनी प्रदेश | बुटवल | नारायण बेल्बासे | ०७१-५३०८०४ | ९८५७०३६७०४ |
| ५७ | | घोराही | डिल्लीराज दाहाल | ०८२-५६१९९७ | ९८५७८५८६६६ |
| ५८ | | कोहलपुर | निताकुमारी थापा | ०८१-५४१९०२ | ९८४८०९२७६६ |
| ५९ | | तुल्सीपुर | अजय रोकाया | ०८२-५२१८४६ | ९८४८०९७५७१ |
| ६० | | भैरहवा | आलोक सिवाकोटी | ०७१-५७३२३३ | ९८४९६२१७१० |
| ६१ | | तिलोत्तमा | यशोदा पौडेल | ०७१-४१४३०५ | ९८६०४९३३३९ |
| ६२ | | भुरीगाउँ | किरण खत्री | ०८४-४०३२०६ | ९८५११३८९७९ |
| ६३ | | नेपालगन्ज | सागरनाथ योगी | ०८१-५३१९०२ | ९८६८०१०००१ |
| ६४ | | बर्दघाट | सबिना पोखरेल | ०७८-५८०५८० | ९८४९०९२०७० |
| ६५ | कर्णाली प्रदेश | सुर्खेत | हिरालाल सुनार | ०८३-५२५२२९ | ९८५१२३५०५६ |
| ६६ | | दैलेख | प्रकाशसिंह कार्की | ०८९-४२०५७७ | ९८४००६८२०८ |
| ६७ | सुदूरपश्चिम प्रदेश | महेन्द्रनगर | प्रकाश थपलिया | ०९९-५९०२४९ | ९८४८१३६०९० |
| ६८ | | धनगढी | कृष्ण रावल | ०९१-५२५०५३ | ९८४८४३७८१० |


संयुक्त राष्ट्र संघ
दिगो विकास लक्ष्य
सन् २०१६-२०३०
१ गरिबीको अन्त्य
२ भोकमरीको अन्त्य
३ स्वास्थ्य र समुन्नत समाज
४ गुणस्तरीय शिक्षा
५ लैङ्गिक समानता
६ स्वच्छ पानी तथा सरसफाई
७ स्वच्छ ऊर्जामा सहज पहुँच
८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि
९ उद्योग पूर्वाधार र नविन सिर्जना
१० असमानता न्यूनीकरण
११ दीगो शहर र समुदायहरु
१२ जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन
१३ जलवायु परिवर्तनमा तत्काल पहल
१४ जलमुनीको जैविक विविधताको संरक्षण
१५ जमिनमाथिको जैविक विविधताको संरक्षण
१६ शान्ति, न्याय र सशक्त निकाय
१७ लक्ष्य प्राप्तिको लागि साझेदारी


N
काठमाडौं
भक्तपुर
ललितपुर
दार्चुला
बैतडी
डडेलधुरा
कञ्चनपुर
कैलाली
डोटी
बझाङ
बाजुरा
हुम्ला
मुगु
अछाम
कालिकोट
जुम्ला
दैलेख
सुर्खेत
बर्दिया
बाँके
सल्यान
दाङ
जाजरकोट
डोल्पा
रुकुम पश्चिम
रुकुम पूर्व
रोल्पा
प्युठान
अर्घाखाँची
गुल्मी
बाग्लुङ
म्याग्दी
मुस्ताङ
मनाङ
कास्की
पर्वत
स्याङ्जा
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी
नवलपुर
तनहुँ
लम्जुङ
गोरखा
धादिङ
नुवाकोट
रसुवा
सिन्धुपाल्चोक
चितवन
मकवानपुर
काभ्रेपलाञ्चोक
दोलखा
रामेछाप
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
उदयपुर
ओखलढुङ्गा
खोटाङ
सोलुखुम्बु
संखुवासभा
भोजपुर
धनकुटा
तेह्रथुम
ताप्लेजुङ
पाँचथर
इलाम
सुनसरी
मोरङ
झापा
शाखा कार्यालय भएका जिल्ला

# नोट :

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................

# नोट :

# कार्यक्रमका झलकहरू




'कोप कार्ड' (एटिएम) सेवाको उद्घाटन कार्यक्रममा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री माननीय शशी श्रेष्ठलाई मायाको चिनो प्रदान गर्नुहुँदै बैंकका अध्यक्ष श्री के. बी. उप्रेती




कोप कार्ड (एटिएम) बाट कारोबार गर्दै ।




महेन्द्रनगर शाखाले आयोजना गरेको दुई दिने सहकारीका सञ्चालक समितिहरूको क्षमता अभिवृद्धि तालिम ।




दोलखा शाखाले सञ्चालन गरेको "सहकारीका बजार प्रतिनिधिहरूको क्षमता विकास" तालिम ।




बैंकले सञ्चालन गरेको सहकारी संघ/संस्थाहरूको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम ।




म्याग्दीमा सञ्चालित सहकारीमा वार्षिक योजना तथा बजेट निर्माण तालिम ।

# कार्यक्रमका झलकहरू




शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संस्थाहरूलाई सहकारी बैंकको व्यवसाय पुरस्कार प्रदान ।




बैंकले सञ्चालन गरेको पर्ल्स विश्लेषण तालिम ।



सहुलियतपूर्ण कर्जा सहकारी बैंकमार्फत परिचालन गर्न सातै प्रदेशका सरकारलाई अनुरोधपत्र बुझाउने कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेशका माननीय मुख्य मन्त्री त्रिलोचन भट्ट ।



स्थानान्तरण भएको इटहरी शाखा उद्घाटन गर्दै बैंकका अध्यक्ष श्री के. बी. उप्रेती ।




भारतमा किसान दिवसको अवसरमा भारत सरकारका Minister of Agriculture and Farmers Welfare राज्य मन्त्री कैलाश चौधरीबाट प्रदान गरिएको एग्रिकल्चर कन्क्लेभ तथा नेडाक अवार्ड ग्रहण गर्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत ।



'कोप कार्ड (एटिएम) सेवाको उद्घाटन कार्यक्रममा सहभागिहरू




पोखराका सहकारीकर्मीहरू बीच सहकारी क्षेत्रमा तरलता व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम ।



बर्दियामा सहकारीका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम ।

# कार्यक्रमका झलकहरू




"सामाजिक न्याय र लैङ्गिक समानता, दिगो विकासको सुनिश्चितता" भन्ने नाराका साथ ८ मार्च २०२२ मा परेको ११२औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा साताव्यापी रूपमा आयोजना भएको लघु गोष्ठी कार्यक्रम ।



स्तरीकरण कार्यक्रम (केयर) आबद्धताको सम्झौतापत्र साटासाट गर्दै ।



२०औं स्थापना दिवस कार्यक्रममा सहभागिहरू ।




६५औं राष्ट्रिय सहकारी दिवस २०७८ मा राष्ट्रिय सहकारी बैंकको सहभागिता ।



६५औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सिन्धुली अस्पतालका बिरामीहरूलाई बैंकद्वारा फलफूल वितरण गर्दै ।




आर्थिक वर्ष २०७८/०७९ को समीक्षा कार्यक्रम ।




बैंकमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिममा सहभागीहरू ।



स्थानान्तरण भएको न्युरोड शाखा कार्यालय उद्घाटन गर्दै बैंकका अध्यक्ष श्री के. बी. उप्रेती ।

# कार्यक्रमका झलकहरू




धनगढीमा भएको २ दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम ।



नेपाल सहकारी पत्रकार समाज (सिजेएन) को ११औं वार्षिक साधारणसभाबाट नवनिर्वाचित कार्यसमितिलाई बैंकको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको बीच बधाई तथा शुभकामना व्यक्त गर्दै ।



आर्थिक वर्ष २०७८/०७९ को समीक्षा समापन पछि बैंकको सञ्चालक समिति, व्यवस्थापन समूह र शाखा प्रमुखहरू ।



जिल्ला सहकारी संघ ललितपुरका पदाधिकारी तथा सञ्चालकलाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै बैंकका अध्यक्ष श्री के. बी. उप्रेती ।



डेंगु रोग महामारीको समयमा रगतको कमी हुन नदिने उद्देश्यले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम ।




थाइल्यान्डको बैंककमा भएको अक्कु फोरम (२०२२) मा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले नेपालको सहकारी अभियानको तर्फबाट Nepal Experience Regulatory Governance for Development and Growth विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै ।




बैंकका अध्यक्ष श्री के. बी. उप्रेती एसिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरूको विकासका लागि सञ्जाल (नेडाक) को प्रथम उपाध्यक्षमा पुनःनिर्विरोध निर्वाचित भएपछिको सामूहिक तस्बिर ।



अन्तर्राष्ट्रिय सहकारी महासंघ, एसिया प्रशान्त क्षेत्र (आइसिए एपी) का अध्यक्ष डा. चन्द्रपालसिंह यादवलाई मायाको चिनो प्रदान गर्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाई ।

# व्यवस्थापन समूह



**बद्रीकुमार गुरागाईं**
प्रमुख कार्यकारी अधिकृत



**मनोज खडका**
नायब प्रमुख कार्यकारी अधिकृत



**राजेश श्रेष्ठ**
नायब महाप्रबन्धक



**राम बाबु आचार्य**
प्रमुख सदस्य सेवा महाशाखा



**मोहन बहादुर कार्की**
प्रमुख सञ्चालन अधिकृत



**प्रमोद कुमार घिमिरे**
प्रमुख कर्जा अधिकृत



**भरत कुमार चिमरिया**
प्रमुख जोखिम अधिकृत



**नवीन कुमार कार्की**
प्रमुख प्रविधि अधिकृत



**मधु रायमाझी**
प्रमुख व्यवसाय विकास विभाग

बैंकको प्रस्तावित भवन




National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर, नेपाल